

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २७ • अंक १८० • २०८२ साल मंसिर १३ गते शनिबार (29 November, Saturday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## नाबालिग बलात्कार अभियोगमा साह पक्राउ
# जिल्ला प्रहरी सूक्ष्म अनुसन्धानमा, थप पक्राउ पर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । जिल्ला प्रहरी कार्यालय धनुषाले बलात्कारको एक जना अभियुक्तलाई बिहीबार काठमाण्डुबाट पक्राउ गरेको छ।

जानकी चोक स्थित एक होटेलमा एकजना नाबालिगलाई दुई राति बन्धक बनाएर बलात्कार गरेको अभियोग लागेको जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १० का मनोज साहलाई धनुषा प्रहरीले नियन्त्रणमा लिएको छ।

स्रोतका अनुसार गत २२ गते कार्तिकमा नाबालिगलाई होटेलमा ल्याएर बन्धक बनाइ बलात्कार गरेको अभियोगमा साहलाई पक्राउ गरेको छ। काठमाण्डुमा लुकेर बसेका साहलाई प्रहरीले पक्राउ गरी धनुषा ल्याएको स्रोतले जनाएको छ।

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १६ मा बस्ने १३ वर्ष ४ महिनाकी नाबालिकालाई ललाई फकाई होटेलमा ल्याएर दुई दिनसम्म राखेर बलात्कार गरेको स्रोतले दाबी गरेको छ। स्रोतका अनुसार कार्तिक २३ गते बिहान करिब ५ बजे नाबालिगका हजुरबुवा र आमाले होटेलबाट मुक्त गराएर घर लगेका थिए।

पीडित पक्षले प्रहरीमा जनाउ दिने तयारी गरिरहेको बेला अभियुक्तका भाईले आर्थिक प्रलोभन दिएर घटनालाई ढाकछोप गर्ने प्रयासमा जुटेका थिए । पीडितालाई २५/३० लाख रुपैयाँसम्मको प्रलोभन दिएर घटनालाई प्रहरीमा जान रोकिएको बताइएको छ।

घटना ढाकछोप गर्न अभियुक्तका भाईले निरन्तर प्रयास गरिरहेका थिए। उनले पीडिता परिवारलाई आर्थिक प्रलोभन र डर त्रास देखाइरहेको आरोप लगाइएको छ। प्रहरीमा उजुरी नपरे पनि घटनाको सुइँको पाएको जिल्ला प्रहरी कार्यालय धनुषाले विशेष अनुसन्धान गरी पीडितलाई न्याय दिलाउन सूक्ष्म अनुसन्धान थालेको बताइन्छ।

स्रोतका अनुसार पीडिता नाबालिगले प्रहरी समक्ष घटनाको यथार्थ जानकारी गराइसकेपछि अभियुक्तलाई



समेत नियन्त्रणमा लिएको छ। अभियुक्तले पनि अपराध स्वीकार गरिसकेको स्रोतले बताएको छ।

प्रहरीले घटनालाई बाहिर नै नगद लेनदेनमा मिलाउन संलग्न रहेकाहरुको खोजी थालेको छ। स्रोतका अनुसार घटनामा संलग्न रहेकाहरु उम्किन नपाउने गरी प्रहरी कारबाही अगाडि बढाइएको छ । नाबालिगलाई बलात्कारमा संलग्न र त्यसलाई गैरकानुनी रुपमा मिलाउने प्रयासमा संलग्न रहेकाहरु सबै दोषी हुने कानुनी व्यवस्था रहेको अधिवक्ता हेमबहादुर कार्कीले जनाएका छन् । 'नाबालिगलाई ललाईफकाई, प्रलोभन अथवा भयत्रास देखाएर गरेको करणी बलात्कार ठहरिने कानुनी प्रावधान छ।' उनले भने, त्यस्ता कार्यमा संलग्न रहेका अभियुक्तलाई बचाउने, मिलाउने जस्ता कार्य गर्नेहरु पनि सजायको भागी हुने कानुन छ।

'केही राजनीतिकर्मी र केही जातीय ठेकेदारहरुले जघन्य आपराधिक घटनालाई मिलाउन झण्डै १५ दिन देखि लागेका छन्' स्रोतले भने, दबाब र प्रभावको कारण नै पीडित परिवार प्रहरीसम्म समयमै पुग्न सकेको थिएन।

बलात्कार भएको र त्यसमा संलग्न रहेका व्यक्तिको विषयमा जनकपुरभरि चर्चा फैलिए पनि घटनाको तथ्यसम्म पुग्न प्रहरीलाई पनि दुई हप्ता भन्दा बढी समय लागेको बताइन्छ। प्रहरीले अभियुक्तलाई पक्राउ गरेपछि संलग्न अन्य दोषीहरु समेत पक्राउ गर्नुपर्नेमा स्थानीयहरुले दबाब बढाउन थालेका छन्।

जनकपुरधाम उद्योग वाणिज्य संघका एकजना पूर्वपदाधिकारीले घटनामा संलग्न दोषीहरुलाई पक्राउ गरी कारबाही गर्न माग गरेका छन् । 'समाजमा यस प्रकारको घटनाले असुरक्षा बढनेछ' उनले भने, अपराध गर्ने र अपराधीलाई जोगाउनेहरुलाई कानुनको दायरामा ल्याउनु पर्छ।

अभियुक्तको विगत पनि सद्दे नरहेको आरोप लागेको छ। धार्मिक, सांस्कृतिक नगरीमा यस प्रकारको घटनाले सभ्य समाजलाई लज्जित बनाएको स्थानीयहरुले बताउन थालेका छन्।

तर प्रहरी स्रोतले घटनामा संलग्न रहेका कोहीलाई उम्किन नदिने गरी अनुसन्धान भइरहेको जनाएको छ।

होटेलमा बलात्कार गर्ने र हत्या गर्ने घटनाहरु विगतमा पनि भएको थियो। घटनाको अभियुक्त नै लामो समयसम्म प्रहरीसम्म नपुगेकाले केही ढिला भएको जस्तो देखिएको बताइएको छ। तर प्रहरीले घटनाको तहसम्म पुगिसकेकाले संलग्नहरु नजोगिने बताइन्छ।

घटनाको सबै पक्ष खुलिसकेकोले अब चाँडै थप दोषीहरु पक्राउ पर्ने स्रोतहरुको दाबी छ। बजारमा चर्चामा रहे पनि प्रहरीसम्म नपुगेको घटनालाई अनुसन्धानको दायरामा ल्याएर प्रहरीले उपलब्धि हासिल गरेको बताइन्छ।

# जसपाद्वारा संघर्षको कार्यक्रम सार्वजनिक

**टुडे समाचारदाता**

जनकपुरधाम। जनता समाजवादी पार्टी नेपालले २८ बुँदे मागसहित संघर्षका कार्यक्रम सार्वजनिक गरेको छ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले दलित र महिलाहरूका लागि न्यायोचित प्रतिनिधित्व तथा सामाजिक न्यायको प्रत्याभूति गराउन उनीहरूका लागि छुट्टै आरक्षित निर्वाचन क्षेत्रको माग गरेका छन्। पूर्वउपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवले सरकार समक्ष आफ्नो २८ बुँदे माग प्रस्तुत गर्दै उनले छुट्टै आरक्षित निर्वाचन क्षेत्रको माग गरे।

जनसंख्याका आधारमा हुने प्रतिनिधित्व लोकतन्त्रको मूल आधार रहेको र समान जनसंख्याका आधारमा प्रतिनिधित्व हुनेगरी निर्वाचन क्षेत्र पुनः निर्धारण गरिनुपर्ने उनले बताए।

संविधान संशोधन वा पुनर्लेखनको माग गर्दै राष्ट्रिय समास्याको तत्काल समाधान गरी मुलुकलाई निकास दिन समेत अध्यक्ष यादवले माग गरे।

उनले उच्चस्तरीय आयोगको सुझाव प्रतिवेदनका आधारमा दश प्लस हुने गरी राज्यको पुनः पुनर्संरचना गर्नुपर्नेमा जोड दिएका छन्। संघीय प्रणालीको सिद्धान्तका आधारमा प्रदेशहरूलाई अधिकार सम्पन्न बनाउनुपर्ने माग गर्दै उनले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणाली र पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गर्नुपर्ने माग अघि सारेका छन्।

स्थानीय तहलाई प्रादेशिक क्षेत्राधिकार अन्तर्गत राखिनुपर्ने बताउँदै उनले स्थानीय तहको निर्वाचन गैरदलीय आधारमा गर्नुपर्ने अडान राखेका छन्। जेन-जी पुस्ताले राखेको माग सरकारले तत्काल सम्बोधन गर्नुपर्ने भन्दै उनले सो आन्दोलनमा भएको हत्या, हिंसा, आगजनी विध्वंस जस्ता क्रियाकलापहरूको छानबिन गरी कसुर ठहरेकालाई कानुन बमोजिम कारबाही गरिनुपर्ने माग गरेका छन्।

विगतका आन्दोलनका बेला गठन भएका न्यायिक छानबिन आयोगहरूको प्रतिवेदन समेत सार्वजनिक गर्न माग गर्दै अध्यक्ष यादवले प्रदेशमा प्रहरी तथा कर्मचारीहरूको समायोजन गरी प्रदेश कानुनको व्यवस्था गर्न माग गरे।

उनले किसानहरूलाई सहुलियत दरमा कृषि ऋण, सिचाइँ, मल खाद, बिउ विजन, किट्नाषक औषधि र कृषि बजारको व्यवस्था गर्न पनि माग अघि सारेका छन्।

# गहुँ बालीका लागि सिचाइँको समस्या

**टुडे समाचारदाता**

वीरगञ्ज। मधेश प्रदेशको पर्सा, बारा र रौतहट जिल्लामा यस वर्ष पनि गहुँ बालीका लागि सिचाइँको समस्या उत्पन्न भएको छ।

गहुँ बाली सिजन नजिकिँदै गर्दा भारतले यस वर्ष पनि गहुँ बालीका लागि नहरमा पानी नदिए पछि समस्या हुने भएको छ।

भारतीय पक्षले नहरमा पानी नदिँदा नहर प्रणालीमा आश्रित पर्सा, बारा र रौतहट गरी तीन जिल्लाका किसान गहुँ बालीमा सिँचाइबाट वञ्चित हुने भएको छ। जसले गर्दा गहुँको उत्पादन घट्ने भन्दै नेपाली किसानहरू चिन्तित बनेका छन्।

नारायणी सिचाइँ व्यवस्थापन कार्यालय वीरगञ्जका सूचना अधिकारी इञ्जिनियर सुरेशप्रसाद साहले भारत बिहार रामनगरस्थित गण्डक नहरको दोन कनाल कार्यालयले आफूभन्दा उच्च कार्यालय बेतियास्थित कार्यालयलाई यस सम्बन्धमा गरेको पत्राचारको बोधार्थ आफ्नो कार्यालयमा पठाएको बताए।

उनले भने, 'भारतीय पक्षले हामीलाई सोझै पत्राचार नगरी आफूभन्दा उपल्लो निकायलाई गरेको पत्राचारको बोधार्थ पठाएको छ, हामीले सोझो पत्र मागिरहेका छौं, 'पत्रमा यस वर्ष भारतमै नहरको सफाइ र मर्मतसम्भार प्रयोजनका लागि यस वर्ष हिउँदमा ठेकेदारमार्फत काम गरिने भएकाले नहरमा पानी नआउने जानकारी गराइएको छ।'

उक्त कार्यालयले संघीय सिचाइँ विभागलाई भारतीय पक्षले यस वर्ष गहुँ बाली सिजनमा पानी दिन असमर्थता जनाएकोबारे जानकारी गराउन पत्राचार गरिसकेको साह बताउँछन् । 'हामीले कार्यालय स्तरबाट भारतीय पक्षसंग संवाद प्रयास गरिरहेका छौं,' उनले भने, 'तर यो द्विपक्षीय मुद्दा भएकाले सिचाइँ विभागले पनि यस सम्बन्धमा औपचारिक रूपमा भारतीय पक्षलाई दबाब दिएर आवश्यक पहलकदमी लिनु पर्छ।'

अहिले नहरमा पानी आउन छोडेको र जमेको पहिलेकै पानी सुक्ने क्रममा छ। पानी सुकिसकेपछि भारतीय पक्षले मर्मतसम्भारको काम थालिने छ। मर्मतसम्भार शुरु भएपछि गहुँ बालीका लागि नहरमा पानी दिन सम्भव हुँदैन। तर नेपाली किसानलाई सिचाइँ गर्न पानी दिएर त्यसपछि मर्मत कार्य शुरु गर्न पनि भारतीय पक्षसंग समय उपलब्ध हुन सक्ने उनको भनाइ छ।

केही दिनपछि नेपालका किसानले गहुँको बीउ छर्ने योजना बुनिरहेका छन् । त्यसपछि गहुँ बाली केही सप्रिन थाले लगत्तै एक पटक सिचाइँ गरे पुग्छ । भारतसंगको गण्डक सम्झौताबमोजिम भारतीय पक्षले गहुँ



> **भारतसंगको गण्डक सम्झौताबमोजिम भारतीय पक्षले गहुँ बालीका लागि नहरमा ८ सय ५० क्युसेक पानी आवश्यक पर्छ । जुन पानी भारत पक्षले दिनुपर्ने हुन्छ । भारतीय पक्षसंग भएको सम्झौता अनुसारको पानी नआउने र भारतीय भूमिमा नहरमा नियमित मर्मतसम्भार अभावमा नहरको अन्तिम बिन्दु अर्थात् रौतहटको पूर्वी भेगसम्म नहरमा पानी पुग्दैन ।**

बालीका लागि नहरमा ८ सय ५० क्युसेक पानी आवश्यक पर्छ। जुन पानी भारत पक्षले दिनुपर्ने हुन्छ । भारतीय पक्षसंग भएको सम्झौता अनुसारको पानी नआउने र भारतीय भूमिमा नहरमा नियमित मर्मतसम्भार अभावमा नहरको अन्तिम बिन्दु अर्थात् रौतहटको पूर्वी भेगसम्म नहरमा पानी पुग्दैन।

नहरअन्तर्गत ३७ हजार ४ सय हेक्टर जग्गा सिञ्चित क्षेत्र रहेकोमा पर्सामा १६ हजार हेक्टर, बारामा ९ हजार हेक्टर र बाँकी रौतहटमा रहेको छ। सम्झौता अनुसार वर्षेनि धान बाली सिजनमा असार १५ र गहुँ बालीका लागि पुस १५ मा भारतीय पक्षले नहरमा पानी दिनु पर्छ।

नवलपरासीको त्रिवेणी भैसालोटनस्थित नेपाल भारत सीमामा निर्मित ब्यारेजबाट भारतीय पक्षले नहरमा पानी छोड्ने गर्छ । भारतमै ९२ किमी यात्रा गरेर उक्त नहर पर्साको जगरनाथपुर गाउँपालिकाबाट नेपाल प्रवेश गर्छ। पर्सा, बारा र रौतहटमा गरी १५ ब्लकमा विभाजित गण्डक नहरको लम्बाइ नेपालतर्फ भने ८१ किलोमिटर रहेको छ । नेपालमा रौतहटको बागमती नदीमा मिसिएर गण्डक नहर समाप्त हुने गरेको छ।


पर्सा, बारा र रौतहटका किसानका लागि सिचाइँको मुख्य श्रोत भनेकै गण्डक नहरको पानी हो । विशेषगरी धान र गहुँ बालीमा सिचाइँ गर्नका लागि पर्सा, बारा र रौतहटका किसानले गण्डक नहरको पानी प्रयोग गर्दै आएका छन्।

तर भारतीय पक्षले हरेक वर्ष गहुँ र धान बालीको सिजनका बेला समय बिताएर ढिला गरि गण्डक नहरमा पानी दिने गरेको स्थानीय किसानहरुले गुनासो गर्दै आएका छन्। पर्सा, बारा र रौतहटमा यसपटक पनि अब लगाइने गहुँ बालीमा सिचाइँका लागि समस्या उत्पन्न भएपछि स्थानीय किसानहरु अहिलेदेखि नै चिन्तित बनेका छन्।

नेपाल-भारतबीच भएको सम्झौतामा वर्षमा दुइ पटक अर्थात धान र गहुँ बाली खेती लगाउने समयमा भारतीय पक्षले नेपालतर्फको गण्डक नहरमा ८ सय ५० क्युसेक पानी छाड्नु पर्ने व्यवस्था गरिएको छ।

तर भारतीय पक्षले भारतको रामनगर क्षेत्रमा नहरको मर्मतसम्भार भइरहेको कारण देखाउँदै नेपालतर्फको गण्डक नहरमा दुई महिनादेखि पानी रोकेको छ।

गण्डक नहर मुख्य कार्यालय रामनगरले हरेक वर्ष सम्झौता भएको म्याद बिताएर नै नेपालमा पानी छाड्ने गरेको नारायणी सिचाइँ डिभिजन नम्बर ५ कार्यालय पर्साले जनाएको छ।

# सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेलाई निःशुल्क उपचार



काठमाण्डु । काठमाडौँ महानगरपालिकालेसामाजिकसुरक्षाभत्ता प्राप्त गर्ने व्यक्तिलाई निःशुल्क स्वास्थ्योपचार प्रदान गर्ने भएको छ । जसअन्तर्गत ज्येष्ठ नागरिक, एकल महिला, हिंसामा परेका व्यक्ति, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक हिंसामा परेका जो कोही व्यक्तिहरुलाई निःशुल्क उपचार गर्ने प्रक्रिया कामपाले अघि बढाइसकेको जनाएको छ ।

यसरी उपचार गर्नका लागि कामपाले छत्रपाटी निःशुल्क चिकित्सालयसँग चालु आर्थिक वर्षका लागि सम्झौता गरिसकेको कामपाकी उपप्रमुख सुनिता डङ्गोलले जानकारी दिनुभयो । उहाँले पारिवारिक समस्याका कारण आफ्नो कोही नभएर उपचारमा जान नसक्नेहरू पनि महानगरपालिका छन् भन्ने महसुस हुन थाल्नु सुखद नतिजाको प्रारम्भ भएको बताउनुभयो ।

कामपाको प्रमुख प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंले आवश्यक पर्नेले सजिलै सेवा प्राप्त गर्ने र सम्भावित दुरुपयोग रोक्ने प्रणालीबाट सेवा प्रवाह गर्न अस्पताललाई आग्रह गर्नुभयो ।

अस्पतालका अध्यक्ष डा मनोजमान श्रेष्ठले भन्नुभयो, "स्वास्थ्योपचारमा महत्व नदिने पाका व्यक्तिहरू उपचारका लागि आउन थाल्नु, समुदायका मानिस उपचारका बारेमा सोधखोज गर्न थाल्नु, कामपाको सहयोग प्राप्त भएको नतिजा हो ।"

सम्झौताबमोजिम कामपाका जनप्रतिनिधि, कर्मचारीहरुलाई पनि उपचार सेवा उपलब्ध हुनेछ । महिला कर्मचारी तथा जनप्रतिनिधिलाई म्यामोग्राम सेवा उपलब्ध गराइनेछ । त्यस्तै लैङ्गिक हिंसामा परेका व्यक्ति, बेवारिसे व्यक्ति, एकल महिला, अपाङ्गता भएका व्यक्ति र सिटी स्क्यान गर्नुपर्ने कर्मचारीका लागि सामाजिक विकास विभागको सिफारिस आवश्यक पर्नेछ । यसरी गरिएको उपचार खर्च महानगरपालिकाले व्यहोर्नेछ ।

उपचारका लागि महानगरपालिकाले चालु आवमा रु एक करोड ५० लाख विनियोजन गरेको छ । यसमा अस्पतालले ३० प्रतिशत थप गरेर रु एक करोड ८० लाख बराबरको उपचार सेवा उपलब्ध गराउने कामपाले जानकारी दिएको छ । सेवा लिन कर्मचारी र जनप्रतिनिधिहरुलाई परिचयपत्र, ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता कार्ड, राष्ट्रिय परिचय पत्र, नागरिकता अनिवार्य आवश्यक कामपाले जनाएको छ ।रासस

# जेन्जी आन्दोलनका सहिद 'पठाओ' गरेरै आमाको उपचार गराउँथे बुढाथोकी

दोलखा । दोलखाको बिगु गाउँपालिका-३ बुलुङकी दिलकुमारी बुढाथोकीको बाँच्ने आधार नै टुटेको छ । स्तन क्यान्सर भएका कारण आमाको उपचारका लागि पठाओ चलाएर खर्च जुटाउँदै आउनुभएका महेश बुढाथोकीको जेन्जी आन्दोलनमा निधन भएपछि पुत्रशोकले दिलकुमारीका आँखा ओभानो छैनन् भने अब उहाँको उपचार खर्च जुटाउने आधार पनि समाप्त भएको छ । छोरा बितेपछि आमा दिलकुमारी हरेक रात र दिन रोएर बित्ने गरेको छ । उहाँ भन्नुहुन्छ, "छोरा कतिबेला आमा भन्दै छोरा आउँछ झैं लाग्छ, बितेको विश्वास लाग्दैन ।"

'पठाओ' गरेर क्यान्सर भएकी आफ्नी आमाको उपचारको खर्च जुटाउँदै आउनुभएका २२ वर्षीय महेशको गत भदौ २४ गते कोटेश्वरमा नेपाल प्रहरीको गोली लागेर मृत्यु भएको थियो । महेशका बुबा केशव भन्नुहुन्छ, "छोराले १२ उत्तीर्ण सकेको थियो, युरोप जाने सपना देखेको थियो, युरोपको माल्टा जाने भनेर ५० हजार रूपैयाँ मेनपावरलाई बुझाएको पनि थियो र अहिले फुर्सद भएको समयमा आमाको उपचारलाई खर्च जोहो गर्न पठाओ चलाउने गर्थ्यो तर छोराको न युरोपको सपना पूरा भयो, न आमाको उपचार पूरा गर्ने सपना पूरा भयो, हाम्रो त सबैथोक सकियो, बेसहारा भयौं ।"



महेशका बुबा केशव १० वर्षअघि दोलखाको दुर्गमगाउँ बुलुङबाट आफ्नो कलिला दुई छोराहरूको सुनौलो भविष्य बोकेर काठमाडौँमा छिर्नुभएको थियो । गहभरि आँसु पार्दै उहाँ भन्नुहुन्छ, गाउँमा बाँदर र भालु आतङ्कले बस्ने अवस्था भएन, जति खेती किसान गर्दा पनि परिवार पाल्न धौधौ भएपछि काठमाडौँ आइयो । तर आज यो अवस्था देख्नुपर्‍यो ।'' आफू अनपढ भए पनि भारी बोक्दै छोरालाई १२ कक्षासम्म पढाएको बताउँदै उहाँ भन्नुहुन्छ, "अब म बा आमालाई सुख दिन्छु भन्थ्यो, अब युरोप जान्छु धेरै पैसा कमाउँछु अनि काठमाडौँमा घरघडेरी किन्छु भन्ने यसका ती सबै कुरा सपना जस्तै हराएर गए ।"

हाल केशव काठमाडौँको सुकेधारास्थित एक ग्यास डिपोमा ग्यास झार्ने र चढाउने काम गर्नुहुन्छ । उहाँको महिनाको रु १५ हजार तलबले न काठमाडौँको ठाउँमा परिवार पाल्न पुग्छ न छोराछोरी पढाउन नै । उहाँ भन्नुहुन्छ, "घरको मियो भाँचियो, अब कसको साहाराले बाँच्ने ? श्रीमती पनि बिरामी छिन्, उनको उपचार खर्च कसरी जुटाउने ? अर्को छोरा सानै छ ।"

भदौ २४ गतेको दिन स्मरण गर्दै दिलकुमारी भन्नुहुन्छ, "एक हजार लिएर आमा म स्कुटी सर्भिसिङ गरेर आउँछु है भनेर गएको थियो तर छोरा फर्केन, छोराको श्वास भेट्न सकिन्छ कि भनेर आफैं किष्ट मेडिकल कलेज पुगेँ, त्यो बेला यसको निधन भइसकेको रहेछ ।'' दिलकुमारी भन्नुहुन्छ, ''घरको सबै काम गर्ने उही महेश थियो । लुगाधुने, खाना पकाउने, औषधि ल्याउने, खुवाउने काम गर्न रमाउँथ्यो ।'' अहिले पनि छोर ासहित बसेको घरमा बस्न गाह्रो भएपछि छोराको याद कम होला कि भनेर केशवको परिवार केही पर कोठा सरेर बसेको छ ।

मृतक महेशले नै आफ्नै भाइलाई २३ गतेको आन्दोलनमा धेरै मान्छे मरेको र २४ गते झन् समस्या हुनसक्ने र काम गर्न नजानु भन्दै २३ गते बेलुकी सम्झाएको बुबा केशव बताउनुहुन्छ । केशव भन्नुहुन्छ, ''भाइलाई सम्झायो तर आफूले छोडेर गयो । म बिहानै काम गर्न जाने भएकाले त्यस दिन छोरासँग भेट हुन पाएन एकैपटक छोरा मरेको खबर पाएँ, मैले केही सोच्न सकिन ।''

महेशको कोटेश्वरमा प्रहरीको गोली लागेपछि मृत्यु भएकै अवस्थामा एक स्थानीय व्यापारीले उनलाई किस्ट मेडिकल कलेज लगेका थिए । छोरा अस्पतालमा छ भन्ने खबर पाएलगत्तै महेशका बुबा आन्दोलनका कारण गाडी नचलेकाले सुकेधाराबाट तीन घण्टा लामो हिँडेर किस्ट मेडिकल अस्पताल पुग्नुभएको थियो, उहाँ पुग्दा महेशको मृत्यु भइसकेको थियो । छोराको लास भेटेको बताउनुभयो । बुढाथोकी परिवारलाई राज्यले रु १५ लाख दिएको भए पनि अन्य कतैबाट खासै सहयोग र सद्भाव पनि नआएको उहाँको भनाइ छ ।रासस

# प्रधानमन्त्री र जेनजी अगुवाबीच भेटवार्ता

काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले शुक्रबार जेनजी आन्दोलनका अगुवा प्रतिनिधिहरूसँग छलफल गर्नुभएको छ । सरकार र आन्दोलनकारीबीच हुन लागेको सम्झौताको मस्यौदालाई अन्तिम रूप दिने विषयमा छलफल भएको प्रधानमन्त्रीका प्रेस संयोजक रामबहादुर रावतले जानकारी दिनुभयो ।

सोही अवसरमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा जेनजी प्रतिनिधिहरूले सम्झौतामा हस्ताक्षर गर्ने काम चाँडो टुङ्गो लगाउन आग्रह गर्नुभएको थियो । सरकारका अधिकारीहरूले जेनजीका तर्फबाट प्राप्त दस्तावेज अध्ययन गरी अन्तिम रूप दिने क्रममै रहेको बताउनुभएको थियो ।

प्रधानमन्त्री कार्कीले यो



विषय चाँडो टुङ्ग्याउन निर्देशन दिनुभयो । उहाँले भन्नुभयो, "अब यो विषय धेरै लम्ब्याउनु हुँदैन । आज सकिन्छ भने आजै, आज नभए भोलि शनिबारको दिनसमेत काम गर्नुहोस्, पर्सि आइतबार दिनभर लागे लागोस्, जेजे हेर्नुपर्छ हेर्नुहोस् । सोमबारभित्रमा अन्तिम रूप दिइएको हुनुपर्छ । अब धेरै दिन कुर्न सकिँदैन । हस्ताक्षर गरेकै कारणले केही व्यहोर्नुपरे म बेहोरौँला । मेरो सिङ्गो मन्त्रिपरिषद्ले त्यसको जिम्मेवारी लिन्छ ।रासस


# सातवटा उद्योग र फर्मलाई कारबाहीका साथै निर्देशन

काठमाण्डु । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले विभिन्न सातवटा उद्योग र फर्मलाई कारबाही तथा निर्देशन गरेको छ । विभागको टोलीले शुक्रबार ती उद्योग र फर्महरूको अनुगमन निरीक्षण गरी उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली, २०७६ बमोजिम आवश्यक निर्देशन तथा कारबाही गरेको हो ।

तारकेश्वर-५ गोलढुङ्गास्थित क्रिष्टल स्टोरलाई रु दुई लाख पाँच हजार, काठमाडौँ मनपा-३१ नयाँबानेश्वरस्थित घुम्ती किचेनलाई रु २० हजार, काठमाडौँ महानगरपालिका-९ सिनामङ्गलस्थित ग्रिन बड्स बेकरी क्याफे प्रालिलाई रु पाँच हजार कारबाहीस्वरुप जरिवाना गराएको हो ।

त्यसैगरी, ललितपुर महानगरपालिकाको पुल्चोकस्थित सुमेरु अस्ताल परिसरमा रहेको क्यान्टिन, महालक्ष्मी नपा-१ ललितपुरस्थित किष्ट क्याफेटेरिया, काठमाडौँ मनपा-२९ सिंहदरबारस्थित जीएण्डबी क्याफे, काठमाडौँ मनपा-२७ वीर अस्पतालमा रहेको ग्रुप गुजेश्वरी होटल प्रालि (शाखा)लाई सामान्य निर्देशन दिएको छ ।रासस

# सफाईकर्मीलाई निःशुल्क हेपाटाइटिस भ्याक्सिन



**टुडे समाचारदाता**

रौतहट । रौतहटको चन्द्रपुर नगरपालिकामा कार्यरत सफाईकर्मीहरूको स्वास्थ्य सुरक्षालाई लक्षित गर्दै निःशुल्क हेपाटाइटिस भ्याक्सिन लगाइएको छ ।

पूर्व-पश्चिम राजमार्गसँग जोडिएको महत्वपूर्ण नगर चन्द्रपुरमा फोहरमैला व्यवस्थापनका क्रममा उच्च जोखिममा रहने ३२ जना सफाईकर्मीलाई शुक्रबार बिहान चन्द्रपुर हस्पिटलको पहलमा खोप लगाइएको छ ।

चन्द्रपुर हस्पिटलका संस्थापक डाक्टर सुभाष चौधरीको पहलमा आयोजित कार्यक्रममा सफाईकर्मीहरूको दैनिक कामका कारण हेपाटाइटिस रोग लाग्ने सम्भावना बढी हुने भएकाले भ्याक्सिन निशुल्क उपलब्ध गराइएको जानकारी दिए । "हेपाटाइटिस विरुद्धको खोप सुरक्षित, प्रभावकारी र दीर्घकालीन सुरक्षा प्रदान गर्छ," डा. चौधरीले बताएका छन् ।

कार्यक्रममा चन्द्रपुर नगरपालिकाका मेयर सञ्जय कुमार काफ्ले सहित डाक्टर सुभाष चौधरी, डा. सुजन शर्मा, डा. अमित चौधरी, डा. दीपक साह तथा नगरका विभिन्न कर्मचारी एवं स्थानीय भद्रभलादमीहरूको सहभागिता रहेको थियो ।

विश्वभर करिब ३२ करोड ५० लाख मानिस हेपाटाइटिसबाट प्रभावित रहेको बताउँदै डा. सुभाष चौधरीले १० मध्ये ९ जना संक्रमितले प्रारम्भिक अवस्थामै रोगबारे नजान्ने तथ्यले उपचार गम्भीर बन्ने गरेको उल्लेख गरे । उनले हरेक वर्ष १३ लाखभन्दा बढी व्यक्तिको ज्यान लिने हेपाटाइटिसलाई कलेजो क्यान्सरको प्रमुख कारणका रूपमा पनि व्याख्या गरे ।

# लागू औषधसहित ५ जना पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । प्रहरीले बारा र सिरहाबाट प्रतिबन्धित लागू औषध कारोबारमा संलग्न रहेको आरोपमा एक भारतीय सहित ५ जनालाई पक्राउ गरेको छ ।

बारा प्रहरीले भारतबाट नेपालतर्फ लागुऔषध कोकिन ल्याउँदै गरेको भारतीय नागरिक भारत पूर्वी चम्पारण विहार नायकटोल गाउँका ३५ वर्षीय लालबाबु साह पक्राउ गरेको हो ।

सीमावर्ती बिश्रामपुर गाउँपालिका-१ खेखरियाबाट प्रहरीले सवारी चेकजाँचको क्रममा भारतीय नम्बरको बीआर ०५ एभी ३५३२ नम्बरको मोटरसाइकलसहित २१ ग्राम ६५० मिलिग्राम कोकिनसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी विजयराज पण्डितले बताएका छन् ।

भारतबाट नेपाल तर्फ आउदै गरेको उक्त मोटरसाइकल पछाडि दुध बोक्नको लागी बनाएको फलामको घेरामुनि जुटको बोरामा लुकाई छिपाई गरी राखेको १९ वटा सेतो प्लाष्टिकको प्याकेटमा उक्त लागू औषध फेला पारिएको उनले जनाएको छ ।

यस्तै सिरहा, नरहा गाउपालिका ३ चौहर्वा चोकबाट लागू औषध ब्राउन सुगर सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । मधेश प्रदेश प्रहरीले जनाए अनुसार पक्राउ पर्नेहरुमा सर्लाही हरीवन १० बस्ने बर्ष ३२ का कृष्ण रिजाल, उदयपुर कटारी नगरपालिका २ ग्रास बस्ने बर्ष २३ का केदार कुमार मगर, सोही स्थानमा बस्ने बर्ष १९ को अर्थमान थापा र बर्ष ३३ का देब प्रसाद प्रसाई रहेको छ ।

सवारी चेकजाँचको क्रममा ईलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटिएको प्रहरी टोलीले प्रहरीले उनको साथबाट दुईवटा प्लास्टिकको पोकामा रहेको ७ ग्राम १२० मिलिग्राम र ६ ग्राम ०५ मिलिग्राम ब्राउन सुगर बरामद गरेको हो ।

प्रतिबन्धित लागू औषध बिक्रि बितरण गर्न काठमाण्डौं केही ब्यक्तिहरु जादैछ भन्ने गोप्य सुचनाको आधारमा सवारी साधनहरुलाई चेकजाँच गर्ने क्रममा मधेश प्रदेश-०४-००१ ख ०१७० नम्बरको ट्रक रोकी ट्रकमा सवार निजहरु माथी शंका लागी चेकजाँच गर्दा रिजालले लगाएको ज्याकेटको दाहिने पट्टिको गोजिबाट कालो रङको प्लाष्टिकमा पोका बनाई लुकाई छिपाई राखेको अवस्थाबाट उक्त लागू औषध बरामद गरिएको मधेश प्रदेश प्रहरीले जनाएको छ ।

# सवारी दुर्घटना तीव्र



**टुडे समाचारदाता**

रौतहट । पछिल्लो चार महिना यता रौतहटमा सवारी दुर्घटनाको दर तीव्र रुपमा बढदै गएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरका अनुसार साउनदेखि कार्तिक महिनासम्म मात्रै जिल्लामा ३०६ सवारी दुर्घटना भएका छन् । ती दुर्घटनामा १४ जनाले ज्यान गुमाएका छन् भने ५ सयभन्दा बढी घाइते भएका छन् ।

यसै अवधिमा ट्राफिक नियम उल्लङ्घन गर्ने २ हजार ६५१ सवारीसाधन विरुद्ध कारवाही गरिएको छ । कारवाहीमार्फत २३ लाख ७० हजार रुपैयाँ राजस्व संकलन भएको ट्राफिक प्रमुख इन्स्पेक्टर राजेन्द्र थापा मगरले जानकारी दिए ।

थापाका अनुसार साउनमा ९७८, भदौमा ६९७, असोज ४२५, कार्तिक ५५१ विभिन्न अपराधिक गतिविधिमा कारवाही गरिएको छ । ३०६ मध्ये सबैभन्दा धेरै १०१ दुर्घटना कार्तिकमा दर्ता भएका छन् ।

सडक दुर्घटना रोकथामका लागि कार्यालयले चार महिनामा १ हजार ३८५ सडक सुरक्षा कार्यक्रम सञ्चालन गरेको छ । यी कार्यक्रममा १९ हजार ३६५ जनाको सहभागिता रहेको छ ।

ट्राफिक प्रहरीले हेल्मेट-सीटबेल्ट प्रयोग, मातृभाषामा सचेतना कार्यक्रम, विद्यालयस्तरका कक्षा तथा सामुदायिक अभियानमार्फत दुर्घटना न्यूनीकरणका प्रयास भइरहेको जनाएको छ । हाल जिल्ला सदरमुकाम गौर, गरुडा, चन्द्रनिगाहपुरदेखि ग्रामीणभेगसम्म ट्राफिक प्रहरीको सक्रियता बढाइएको छ ।


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | प्रयत्न गर्दा राम्रो उपलब्धी हातलागी हुनेछ । |
| वृष : | सामान्य काममा धन र श्रम खर्च हुनेछ । |
| मिथुन : | शत्रुमाथि विजय प्राप्त गर्न सकिनेछ । |
| कर्कट : | कामको गति सुस्त हुनाले प्रतिफल पनि प्रभावित हुनेछ । |
| सिंह : | प्रेमको बन्धन कसिनेछ । दिन निकै रमाइलो र उत्साहवर्धक रहनेछ । |
| कन्या : | अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ । |
| तुला : | विचार सम्प्रेषण गर्नु अघि राम्ररी विचार पुर्याउनुहोला । |
| वृश्चिक : | घरखर्च बढ्नुका साथै अर्थ अभावले सताउनेछ । |
| धनु : | बाध्यात्मक परिस्थितिले अलमल्याउन सक्छ । |
| मकर : | नयाँ कामले नाम र दाम दिलाउनेछ । कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ। |
| कुम्भ: | आम्दानीका नया स्रोत थपिदै जानेछन् । काममा लगानी हुन सक्नेछ । |
| मीन : | समय शुभ रहेकाले धार्मिक कार्यमा लगानी हुन सक्नेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्श लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३० बजे
दिउँसो :- ११:४६ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**


बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सर्लाहीको कविलासी नगरपालिका-८ अगर्वास्थित सशस्त्र प्रहरी बल नेपाल नं. १० गणमा शुक्रबार संयुक्त रुपमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले दङ्गा नियन्त्रणसम्बन्धी नमुना अभ्यास गर्दै । *तस्बिर : रासस*

# विदेशी नागरिक व्यवस्थापन सूचना प्रणाली लागू गरिने

काठमाण्डु । अध्यागमन विभागले आगामी पुस १७ गतेदेखि विदेशी नागरिक व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने भएको छ ।




यसका लागि विदेशी नागरिकलाई सेवा प्रवाह गर्ने सबै सार्वजनिक संस्था र निजी कम्पनीलाई यस प्रणालीमा अनिवार्य रुपमा आबद्ध हुन अनुरोध गरेको छ । विभागले बिहीबार एक सूचना जारी गर्दै प्रणाली लागू गर्ने विषयमा विभागले गत असोज १ गतेदेखि लागू हुने गरी कार्य योजना तयार पारेको भए पनि मुलुकको विभिन्न घटनाक्रमका कारण कार्यान्वयन हुन नसकेको जनाएको छ ।

यस प्रणालीको कार्यान्वयनमार्फत नेपाल प्रवेश गर्ने विदेशी नागरिकको बसाइ तथा उनीहरुको गतिविधिसम्बन्धी व्यवस्थित अभिलेख राख्ने र आपत्कालीन अवस्थामा खोज, उद्धार तथा सुरक्षा सुनिश्चित गर्न सहज हुने विश्वास लिइएको छ । यसका साथै सुरक्षा निकाय, पर्यटन व्यवसायी तथा सरोकारवाला अन्य निकायहरुबीच सूचना आदानप्रदान प्रक्रियालाई सरल र प्रभावकारी बनाइ पर्यटन क्षेत्रको सुरक्षित र व्यवस्थित विकासमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

नेपालमा भ्रमण गर्ने विदेशी नागरिकको सुरक्षा, सूचनामा सहजीकरण, सम्भावित अपराध नियन्त्रण र नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग गर्ने उद्देश्यले विदेशी नागरिक व्यवस्थापन सूचना प्रणाली (फरेन नेश्नल्स म्यानेजमेन्ट इन्फमेशन सिस्टम) को विकास गरिएको हो ।

सो प्रणालीलाई पहिलो चरणमा पुस १७ गतेदेखि काठमाडौं उपत्यकाभित्रका तारे होटलहरुमा अनिवार्य रुपमा लागू गरिनेछ। दोस्रो चरणमा फागुन १७ देखि देशभित्रका सबै तारे होटल, विमान कम्पनी, टुर्स एण्ड ट्राभल्स कम्पनी, मनी एक्सचेञ्जरहरुमा र क्रमशः सबै प्रकारका होटल, गेष्ट हाउस र अन्य सार्वजनिक तथा निजी संस्थाबाट प्रवाह हुने सेवामा लागू गरिने बताइएको छ ।रासस

# विशेष अदालतको फैसलाउपर सर्वोच्चमा पुनरावेदन




काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रामबहादुर रानाभाटसमेत रहेको गैरकानूनी सम्पत्ति आर्जनसम्बन्धी मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर सर्वोच्च अदालतमा शुक्रबार पुनरावेदनको निवेदन दर्ता गरेको छ ।

जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय लमही, दाङका इन्जिनियर रामबहादुर रानाभाटले सार्वजनिक पदको दुरुपयोग गरी गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको आरोपमा विशेष अदालतबाट भएको फैसला उपर पुनरावदेन दिएको हो । आयोगले रानाभाटविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु तीन करोड १५ लाख ८१ हजार ६६ दशमलब ८० कायम गरी मागदाबी लिई विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर गरेको थियो ।

विशेष अदालतले मिति २०८१ जेठ २९ गते सफाई दिएकाले उल्लिखित फैसलाउपर चित्त नबुझी आज सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो ।रासस

# कोलकाता र हल्दिया बन्दरगाहको जग्गा प्रयोगविहीन, भाडाबापत राज्यकोषबाट लाखौं खर्च

कोलकाता । यहाँस्थित कोलकाता र हल्दिया बन्दरगाहको जग्गा प्रयोग नहुँदा राज्यकोषबाट मासिक रु पाँच लाख ६० हजार खर्च भइरहेको छ ।

नेपालले पारवाहन सन्धिअनुसार भारतसँग 'लिज'मा लिएको जग्गा व्यवस्थापन नहुँदा वर्षौंदेखि राज्यको व्ययभारले थिचिएको छ । नेपाल पारवहन तथा गोदाम कम्पनी लिमिटेडको निष्क्रियताले यस्तो अवस्था आएको हो ।

कोलकाता बन्दरगाहमा चार हजार ८५० वर्गमिटरको गोदाम नेपाल पारवहन तथा गोदाम कम्पनीले व्यवस्थापन गर्दै आएको छ । सरकारले कोलकाताको जग्गाको मासिक भाडा भारतीय मुद्रामा ५६ हजार तिर्दै आएको छ ।रासस

# नेपाल र बङ्गलादेशबीच विस्तार हुँदै ऊर्जा सहकार्य

काठमाण्डु । बङ्गलादेशले नेपालबाट थप २० मेगावाट बिजुली लैजान सहमत भएको छ । नेपाल र बङ्गलादेशका ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको बिहीबार सम्पन्न सातौँ बैठकले हाल निर्यात भइरहेको ४० मेगावाट जलविद्युत्का अतिरिक्त थप २० मेगावाट बिजुली निर्यातका लागि आवश्यक प्रक्रिया पूरा गर्ने सहमति भएको छ ।



आवश्यक प्राविधिक तयारी गरेर बङ्गलादेशले थप बिजुली आयात गर्ने सहमति भएको सो बैठकमा सहभागी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका प्रवक्ता सन्दीपकुमार देवले जानकारी दिनुभयो । निर्देशक समितिको बैठकमा नेपालका तर्फबाट ऊर्जा सचिव चिरञ्जीवी चटौत र बङ्गलादेशका तर्फबाट विद्युत्, ऊर्जा तथा खनिज मन्त्रालयका सचिव फर्जाना ममताजको सहअध्यक्षतामा ढाकामा सम्पन्न भएको हो ।

सो बैठकमा बुधबार (मङ्सिर १०) मा सम्पन्न संयुक्त कार्यदलको बैठकले गरेका सिफारिसमा छलफल गरेको थियो । संयुक्त कार्यदलको बैठकमा ऊर्जा मन्त्रालयका सहसचिव देव र बङ्गलादेश सरकारका तर्फबाट विद्युत्, ऊर्जा तथा खनिज मन्त्रालयका अतिरिक्त सचिव केएम अलि रेजाको सहअध्यक्षता रहेको थियो ।

निर्देशक समितिको बैठकमा विभिन्न छवटा विषयमा छलफल भएको ऊर्जा मन्त्रालयका प्रवक्तासमेत रहनुभएका सहसचिव देवले जानकारी दिनुभयो । बैठकले नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता प्रवर्द्धन गर्नेसम्बन्धी समझदारीपत्रमा आआफ्नो प्रक्रिया पूरा गरी हस्ताक्षर गर्ने सहमति भएको छ ।सो सम्झौताअन्तर्गत बङ्गलादेशले नेपाललाई ऊर्जा परीक्षण, विद्युतीय सवारीसाधनको चार्जिङ स्टेशन, रूफटप सोलारजस्ता क्षेत्रमा प्राविधिक सहायता प्रदान गर्नेछ । यस्तै दुई देशबीच क्षमता अभिवृद्धि कार्यक्रमसमेत अगाडि बढाइनेछ ।

विसं २०८१ असोज १७ गते नेपालबाट ४० मेगावाट बिजुली निर्यातका लागि सम्झौता भएको थियो । सोही सम्झौतापछि भारतीय ग्रिडमार्फत बिजुली बङ्गलादेश निर्यात भइरहेको छ । नेपालका तर्फबाट नेपाल विद्युत् प्राधिकरण, बङ्गलादेशका तर्फबाट बङ्गलादेश पावर डेभलपमेन्ट बोर्ड र भारतका तर्फबाट एनटिपीसी विद्युत् निगमबीच त्रिपक्षीय सम्झौतामा हस्ताक्षर भएको थियो ।

प्राधिकरणले बङ्गलादेशलाई छ दशमलव चार सेन्टमा प्रतियुनिटका दरमा बिजुली बिक्रीका लागि सम्झौता गरेको थियो । ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइन, भारतीय प्रसारण प्रणाली र बहरामपुर (भारत) भेरामारा (बङ्गलादेश) अन्तरदेशीय प्रसारण लाइन हुँदै बिजुली प्रवाह भइरहेको छ । त्यसअघि २०८१ जेठ ११ गते नेपाल बङ्गलादेशबीच जलस्रोत क्षेत्रमा सहकार्यका लागि स्थापित संयन्त्र, विज्ञ समितिको बैठकले जलस्रोत क्षेत्रको विकासमा साझा सहकार्य गर्ने सहमति भएको थियो ।

विसं २०८० जेठ २ गते सम्पन्न पाँचौँ बैठकले नेपालमा उत्पादित ४० मेगावाट बिजुली निर्यातका लागि विद्युत् बिक्री सम्झौतामा हस्ताक्षर गर्ने सहमति भएको थियो । प्राधिकरणले भारतीय एजेन्सी एनभिभीएनलाई बिजुली उपलब्ध गराएको छ । सो कम्पनीले भारतीय संरचना प्रयोग गरेर बिजुली बङ्गलादेश पुर्याइरहेको छ । नेपाल र भारतबीचको पहिलो अन्तरदेशीय प्रसारण लाइन हुँदै विद्युत् निर्यात भइरहेको छ ।

कुल चार सय केभी क्षमताको सो प्रसारण लाइनमार्फत पठाइएको बिजुलीको हिसाब मुजफ्फरपुरमा राखिँदै आएको छ । मुजफ्फरपुरदेखि भारतको प्रसारण लाइनमार्फत (बेहरामपुर भेरामारा) चार सय केभी बिजुली बङ्गलादेश गइरहेको छ ।

प्राधिकरणले वर्षायामको पाँच महिना (जुन १५ देखि १५ नोभेम्बरसम्म) बङ्गलादेश बिजुली निर्यात गर्र्न गरी यसअघि नै सम्झौता भएको थियो । लामो गृहकार्य र छलफलपछि अन्ततः नेपालको बिजुली बङ्गलादेश जाने सम्झौतामा हस्ताक्षर भएको थियो ।

विसं २०८० जेठ २ को ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको बैठकमा सुनकोशी तेस्रो जलविद्युत् आयोजनाको निर्माण र विकासका लागि प्राधिकरण र बङ्गलादेश पावर डेभलपमेन्ट बोर्डबीच छ महिनाभित्र संयुक्त उपक्रममा हस्ताक्षर गर्ने सम्झौता भएको थियो । त्यसपछि हरेकजसो संयुक्त निर्देशक समितिको बैठकमा दुई देशबीच सुनकोशी तेस्रो जलविद्युत् आयोजनाका बारेमा पनि उल्लेख हुने गरेको छ। यसपटक पनि निर्देशक समितिको बैठकमा सो आयोजनाको बारेमा उल्लेख गरिएको छ ।

यसपटक पनि बैठकपछि जारी गरिएको वक्तव्यमा सुनकोशी तेस्रो जलविद्युत् आयोजनाको लगानी प्रक्रियामा अगाडि बढाउनका लागि बङ्गलादेशले आयोजना मूल्यङ्कनका लागि विशेषज्ञ समिति गठन गरी लगानी प्रक्रियालाई अगाडि बढाउने र संयुक्त उपक्रम निर्माणसम्बन्धी समझदारीलाई शीघ्र निष्कर्षमा पुर्याउने उल्लेख छ ।

यसअघि नै दुई देशबीच सहकार्यपूर्ण सहभागिताका आधारमा सो आयोजना विकास गर्ने सम्बन्धमा प्राधिकरण र बङ्गलादेशको पावर डेभलपमेन्ट बोर्डबीच संयुक्त कम्पनी स्थापना गर्नेसम्बन्धी संयुक्त उपक्रम सम्झौता आगामी सचिवस्तरीय संयन्त्रको बैठकअगावै टुङ्गो लगाउने सहमति भएको थियो ।

नेपाल र बङ्गलादेशबीच विद्युत् व्यापारका लागि प्रस्तावित अन्तरदेशीय प्रसारण लाइनको प्राविधिक र आर्थिक पक्षको अध्ययन गर्ने सहमति यसअघि भएको थियो । यस्तै, नेपालको जलविद्युत् क्षेत्रमा लगानी प्रवर्द्धनका लागि बङ्गलादेशको निजी क्षेत्रलाई आकर्षित गर्न आवश्यक पहल गर्ने सहमति पनि भएको थियो ।

यस्तै नेपाल, बङ्गलादेश र भारतबीच विद्युत् व्यापार, अन्तरदेशीय प्रसारण लाइन निर्माणलगायत विद्युत् क्षेत्रमा सहकार्यका लागि द्विपक्षीय बैठकमा त्रिपक्षीय संयन्त्र बनाउन आ-आफ्नोतर्फबाट पहल गर्ने सहमति भएको थियो ।

बिहीबार सम्पन्न बैठकमा समेत नेपाल, भारत र बङ्गलादेशबीच ऊर्जा क्षेत्रमा सहकार्य गर्नेसम्बन्धी समझदारीपत्रमा भारतको सहमति लिन दुवै देशले संयुक्त रूपमा प्रयास गर्ने उल्लेख छ ।बङ्गलादेशले सन् २०४० सम्म नेपालबाट नौ हजार मेगावाट बिजुली लैजाने यसअघि नै घोषणा गरिसकेको छ । नेपाल र भारतबीच पनि १० वर्षमा १० हजार बिजुली निर्यात गर्नेसम्बन्धी दीर्घकालीन सम्झौता यसअघि नै भइसकेको छ । दुई देशबीच ऊर्जा क्षेत्रमा सहकार्य गर्नेसम्बन्धी द्विपक्षीय समझदारीमा २०७५ सालमा नै हस्ताक्षर भइसकेको छ ।

संयुक्त निर्देशक समितिको पाँचौं बैठकमा नै दुई देशबीच विद्युत् व्यापारका लागि अन्तरदेशीय प्रसारण लाइनका सम्भाव्य विकल्पको अध्ययन गर्न प्राविधिक टोलीलाई निर्देशन दिने निर्णय गरेको थियो ।

दुई देशका ऊर्जा सचिवस्तरीय संयन्त्रको पहिलो बैठक २०७५ मङ्सिर १७ र १८ मा काठमाडौँमा सम्पन्न भएको थियो । सोही बैठकमा नेपालको बिजुली बङ्गलादेश लैजान सहजीकरण गर्ने विषयमा प्रारम्भिक छलफल भएको थियो ।

त्यसअघि २०७५ साउन २५ गते तत्कालीन ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुन र बङ्गलादेशका विद्युत ऊर्जा तथा खनिज स्रोत राज्यमन्त्री नसरुल हमिदबीच विद्युत् क्षेत्रमा द्विपक्षीय सहकार्य सुरुआत गर्ने प्रयोजनार्थ एक समझदारीमा हस्ताक्षर भएको थियो । सोही समझदारीपछि दुई देशका ऊर्जा सचिवस्तरीय संयन्त्रको बैठक नियमित बस्दै आएको छ । सो संयन्त्रमार्फत ऊर्जा क्षेत्रको विकास, ऊर्जा सहकार्य, यस क्षेत्रमा भएको विकासको अनुभव आदानप्रदान हुँदै आएको छ ।रासस

# सीमामा हुने अवैध ओसारपसार नियन्त्रणमा कडाइ गर्नुपर्ने

काठमाण्डु । सीमामा हुने अवैध ओसारपसार नियन्त्रणमा कडाइ गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयले यहाँ शुक्रबार आयोजना गरेको खुल्ला सीमा नाका कारण हुनसक्ने पशु तथा कृषिजन्य पदार्थहरुको अवैध ओसारपसार नियन्त्रणसम्बन्धी अन्तरक्रिया कार्यक्रममा वक्ताहरुले सो कुरामा जोड दिएका हुन् ।



अन्तरदेशीय सीमा क्षेत्रमा हुने पशु तथा कृषिजन्य पदार्थको अवैध ओसारपसारले देशको आर्थिक क्षेत्रमा नकारात्मक असर पारेको गर्दै सरोकारवालाले सीमामा परिचालित सुरक्षाकर्मी तथा सरोकारवाला निकायले सम्बद्ध निकायहरुसँग समन्वय र सहकार्य गरी सीमामा हुने अवैध ओसारपसार नियन्त्रण गर्नुपर्ने बताउनुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सीमा नाकामा हुने अवैध गतिविधि तथा ओसार पसारमा संलग्नसम्बन्धी सूचना समयमा नै प्राप्त गर्न सीमा क्षेत्रको समुदायस्तरमा सूचक तयार गरी कार्य गर्न जरुरी रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "राजस्व छली भएमा देशको लागि आर्थिक रुपमा हुने क्षति, रोगजन्य तथा स्वास्थ्यमा असर पर्ने विषादीयुक्त कृषिजन्य सामाग्री प्रयोगमा रोक तथा स्वेदशी वस्तुको उत्पादन र प्रयोगमा जोड दिन आवश्यक छ, यी र यस्ता विषयमा विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न जरुरी छ ।"

महानिरीक्षक अर्यालले सीमा क्षेत्रमा हुने अवैध ओसार पसार नियन्त्रण कार्यमा एकले अर्कोलाई दोष लगाएर पन्छिनुभन्दा पनि आपसी समन्वय र सहकार्य गरी अवैध ओसारपसार र चोरीनिकासीलाई कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने सकारात्मक भावना लिएर इमान्दारिताका साथ कार्य गर्न सकियो भने राजस्व वृद्धिमा थप सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सीमा सुरक्षा विभागका प्रमुख सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक गणेशबहादुर ठाडा मगरले खुला सीमा नाका कारण हुने अवैध क्रियाकलाप तथा गतिविधिलाई न्यूनीकरण, रोकथाम तथा ओसार पसारलाई नियन्त्रण गर्न प्रदेशस्तरमा यस्ता कार्यक्रम सञ्चालनका लागि सम्बन्धित सरोकारवाला निकायसँग आपसी समन्वय तथा सहकार्य गर्दै अगाडि बढ्नुपर्ने बताउनुभयो ।

पशु सेवा विभाग हरिहरभवन ललितपुरका महानिर्देशक डा रामनन्दन तिवारीले अन्तरदेशीय खुल्ला सीमा नाका कारण पशु तथा कृषिजन्य पदार्थको अवैध ओसारपसारको नियन्त्रण एवं नियमन, कृषि क्षेत्रको वर्तमान अवस्था, अवैध ओसार पसारले कृषि बजार क्षेत्रमा पारेको नकारात्मक प्रभाव, समस्या र चुनौतीमा प्रस्ष्ट पार्नुभयो । गृह मन्त्रालयका सहसचिव आनन्द काफ्लेले सीमा नाकाबाट हुने अवैध ओसारपसार नियन्त्रण तथा रोक लगाउने कार्यमा अन्तरनिकाय बीच आपसी समन्वय र सहकार्य गरी सीमा क्षेत्रमा देखिएका समस्याको समाधानका लागि कानुनको प्रभावकारी कार्यान्वयनमा जोड दिनुभयो।

प्लान्ट क्वारेनटाइन तथा विषादी व्यवस्थापन केन्द्र हरिहर भवन ललितपुरका वरिष्ठ बाली संरक्षण अधिकृत प्रकाश पौडेलले सीमामा परिचालित सम्बद्ध निकायलाई प्रविधि, स्रोतसाधन तथा भौतिक पूर्वाधारको समेत उपलब्धता गराउनुपर्ने बताउनुभयो ।

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका निर्देशन विनोदप्रसाद उपाध्यायले सीमा नाकामा अन्तरराष्ट्रिय मापदण्ड अनुरुप मान्यता प्राप्त विलविजक नभएका सामानको जाँच गरी अवैध ओसारपसार नियन्त्रण गर्न सरोकारवाला निकाय तदारुकतासाथ लाग्नुपर्ने बताउनुभयो ।रासस

# 'ओसिएमसी'मा आएका पीडितको व्यवस्थापनमा समस्या

काठमाण्डु । सरोकारवालाले लैङ्गिक हिंसासम्बन्धी एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (ओसिएमसी)मा आएका पीडितहरुलाई व्यवस्थापन तथा रेफरल (प्रेषण) प्रणालीमा जटिलता देखिएको बताएका छन् ।



उनीहरुले जेनजी आन्दोलन अघिदेखि उक्त समस्या रहेकामा सो आन्दोलनपछि झनै समस्या देखिएको गुनासो गरेका हुन् । लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा राष्ट्रिय महिला आयोगको आयोजना तथा हामी दाजुभाइ संस्थाको व्यवस्थापन तथा सहकार्यमा 'लैङ्गिक हिंसासम्बन्धी पीडितमैत्री सम्प्रेषण प्रणालीको सवालमा सरोकारवालाहरु माझ अन्तरक्रिया' आफ्नो धारणा राख्दै परोपकार प्रसूति गृह तथा स्त्री रोग अस्पतालका ओसिएमसी प्रमुख सुकुमाया लामाले रिफरल (प्रेषण) प्रणालीमा समस्या रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "विशेषगरी मानसिक समस्या भएका र बेवारिसे अवस्थामा भेटिएका मानिसहरुको व्यवस्थापनमा निकै गाह्रो छ । उनीहरुलाई राख्ने ठाउँको अभाव छ । सुरक्षित आवासमा ठाउँ हुँदैन ।" लामाले जेनजी आन्दोलनपछि कतिपय पीडित कागजपत्र नै जलेको अवस्थामा कसरी न्याय पाउने भन्नेमा चिन्तित रहेको बताउनुभयो ।

विश्वास नेपालकी संस्थापक अध्यक्ष तारा भण्डारीले आन्दोलनका समयमा साइबर हिंसाका घटनामा प्रहरीको सहयोग उदाहरणीय भएको बताउनुभयो । उहाँले भन्नुभयो, "साइबर ब्युरोले अनुसन्धान गर्‍यो तर त्यति बेला पीडकलाई लाने गाडीसमेत प्रहरीसँग थिएन । जेल ध्वस्त थियो । तर त्यस्तो गाह्रो अवस्थामा प्रहरीले समन्वय गर्‍यो ।"

नेपाल प्रहरीअन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयमा कार्यरत प्रहरी निरीक्षक अनुजा जंगमले घरेलु हिंसाका घटना बढी देखिएको बताउँदै यो वर्ष २१ हजार ६६८ लैङ्गिक हिंसाका घटना देखिएको बताउनुभयो । उहाँहरुले आन्दोलनका क्रममा धेरै जसो प्रहरी कार्यालय जल्दा मनोबल गिरेको बताउँदै महिला हिंसाको घटनालाई सम्बोधन गरेर न्याय दिन प्रहरी सदैव प्रयासरत रहेको बताउनुभयो ।

दाजुभाइ संस्थाका अध्यक्ष सञ्जोग ठकुरीले आन्दोलनपछि लैङ्गिक हिंसाको अवस्था र त्यसपछि पीडितको प्रेषणा प्रणालीमा आउने समस्याबारे थप बहसको आवश्यकताको खाँचो औंल्याउनुभयो। "कुनै आन्दोलनपछि लैङ्गिक हिंसा पीडितहरुको अवस्था झन दयनीय हुने रहेछ। रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। जनकपुरिया सरकार ।।

नीति नियम नाङ्गैट नचने लाजनिति पसरौने छी
हे प्रिय मेयर, मन्त्रीजी जनकपुर नर्क बनौनेछी।
कि काजे केलियई कार्यकालमे, मन्दिरमे झाईल बजौने छी
नीति नियम नाङ्गैट नचने लाजनिति पसरौने छी।।१।।
कतेक स्वक्छ विचार आहाके, गन्दगी स५ नगर घिनौनेछी
चौके सरकेपर सढिहा, नरिहा सुगरके बास बसौनेछी।
नै खानेपानी, शौचे सुबिधा मन्दिरमके नाम हसौने छी
नीति नियम नाङ्गैट नचने लाजनिति पसरौने छी।।२।।
सत्ता,कुर्सी खेल खेलमे नगरवासी घिस्यौने छि
अखाडा बना लुटतन्त्रके अग्निमे धर्म धधकौनेछि।
कुटिए कुटि मन्दिर जगा धुरे धुर बिकौनेछी
नीति नियम नाङ्गैट नचने लाजनिति पसरौने छी।।३।।
विवाहपञ्चमी, परिक्रमामे कोन भक्ति स भक्त कलपौनेछी
सेवा सुबिधा संरक्षण नै अपन नीति रिति बिकौने छी।
चारु नाले चिते परल, आस्वासनके गोटा भजौने छी
नीति नियम नाङ्गैट नचने लाजनिति पसरौने छी।।४।।



**आभाष कर्ण**
**जनकपुरधाम-१४( बसहिया)**

## ।। मनको मूल्य ।।

सबैले बुझिदिन्छन् भनेर कहाँ हुन्छ र ,
मनका डोरी त आफैँले मात्र थाहा पाउछन्।
तराजूले त नाप्छ केवल शरीरको भारी,
मनमा लुकेको गुन त कसैले नाप्दैन कहिले सारी।
कसैले त देखिएकै कुरा मात्रै मान्दछन्,
भित्री भाउ बुझ्न त तेस्रो आँखाले जान्दछन्।
गुन त चम्किला शब्दमा धेरै बोलिँदैन,
मानिसको व्यवहारमै त्यो सजिलै देखिँदैन।
सबैलाई मन पराउनु कहाँ सम्भव हुन्छ र,
कसैलाई मिठास, कसैलाई नुनै धेरै पर्छ।
त्यसैले तिमी नडराई आफैँ बाटो सम्हाल,
गुन भएको मानिसलाई समयले गर्छ उज्यालो।
समयले एक दिन सत्य आफैँ बोल्छ,
तिम्रो गुणको कद एकदिन आफै खुल्छ।
तराजूले त नाप्छ केवल शरीरको भारी,
मनको मूल्य त साँच्चै व्यवहारमा प्यारी।



**नामः व्रज भुषण कुमार कुशवाहा**
**प्रधानाध्यापक, श्री माध्यमिक विद्यालय**
**दिगम्वरपुर, क्षीरेश्वरनाथ-८, धनुषा**

## ।। मनोरमा ।।

काँधास दुपट्टा सरकल जाइछै
मन कहइय स्पर्श कलिति
आहाँ नै सरियाउत मन कहइय छुइब लेतौ
आहाँ नै खिसियाउत मन कहइय दुगो बात बतियइति
नयन कजरारे कमाल करैय
माथक बिन्दिया धमाल करैय
ओठक लालि रसपान करैय
गोरके पायलके खनक अहाँके
हमरा दिलमे झन्कार गुँजैय
अहाँ सँग जिवन बिताबके लागि
हमरो मन मुर्तियाइ य
कानक दुगो झुम्का सवाल करैय
आहाँ हमरो के कि दोसर के
आहाँ जेहन आइग तपइछि
से हमहु बुझइछि मगर
आहाँ जौ हमरा बुझबै छि
से हम झपैछि
आहाँके सुन्दरताके वरणन
कौना करु
आहाँके मनक पिरित हम बुझचाहइछि
हम आहाँ इहे धरति कौना के
सपनो मे आयब सौ आश रखैइछि ।।



**कवि प्रमोद राम**
**जनकपुरधाम**

## ।। कथा ।।

एउटा गाउँ मा धनबहादु नामगरेको केटो थियो धनबहादु का दुईटा दिदी र एउटा दाई थियो धनबहादुर समान्य परिवार बाट थियो धनबहादुर को आमा धनबहादुर लाई स्यानै मा छोडेर स्वर्गबास भएछ एने धनबहादुर आमाको मृत्यु भएछ आमा बिनाको घर कस्तो हुन्छ त्यो सबैलाई थाह छ।
धनबहादुरको घरमा ठुलै संकट थियो समय बितदै गयो धनबहादु दाईको बिहे भयो घर परिवार राम्रै चलेको थियो धनबहादु गाउँकै स्कूलमा पढ़ थियो उ पढ़नमा ठिकै थियो जसो तसो धनबहादुरे कीऋ दियो दुर्भाग्य बस धनबहादुर कीऋ मा फेल भए छ त्य पछि धनबहादुर पढ़ई छोरे र विदेश जाने निर्णय गरेछ धनबहादु पासपोर्ट मेनपावर मा दियो केही महिना पछि धनबहादुरको भिषा मलेशिया को आयो धनबहादुर मलेशिया गयो कामचहि एउटा कंपनी मा सेक्रेटी गाडको थियो धनबहादुर को डिउडी लगभग १२ देखि १४ घण्टाको थियो।
समय बितदै गयो महिना पछि साल बितियो घरको पनि ऋण कर्जा धनबहादुरले तिरे दिदीहरुको पनि विहे गरे घरको अवस्था समान्य भयो सबै राम्रो भयो धनबहादुरको दाई चहि गाउँ मै खेति किसानी गर्थियो खेति बाट घर परिवार चलथियो र धनबहादुले कमाएको पैसा ले दिदीहरु को विवाह भयो जग्गा जमिन लियो सब राम्रो भो समय बितदै गयो धनबहादुरको पनि मलेशिया मा तिन वर्ष बितियो अब छुट्टी जाने बेला भयो धनबहादुर घर जानको लागि केनमिल गर्न बजार गएछ तर धनबहादुर केनमिल गरेर फर्के पछि बाटो मा गाड़ीले ठोके छ धनबहादुर को खुट्टा को हड्डी भचिएछ खुट्टा काटेर अपरेसन गरे छ।
घर जाने मान्छेको अचानक दुर्घटना हुदा कति पिडा हुन्छ त्यो त सबै लाई थाहै छ।
६ महिना धनबहादुर हस्पिटल मा बसियो त्यस पछि नेपाल आयो नेपाल आउदा केही दिन घरपरिवारमा राम्रै थियो त्यस पछि धनबहादुर लाई उसको दाई ले छुट्टीन आने दाई संग अलग हुन भनियो बेचरा धनबहादु अपाङ छ केही गर्न सक्दैन दिदीहरु पनि विहे गरेर अर्काको घर गएछ आमा बितनु भएछ बुवा बुढ़ोहुनु भाछ कसको सहरामा बसने ? जब मलेशिया मा कमायो दाई ले एकदमै मानदान गर्थियो तर दुर्घटनामा परि खुट्टा गुमाउदा दाईले छुट्टाई दिए कस्तो दुःख को कुरा हो हाम्रो तराई मधेश मा प्राय जस्तो यसतै हुन्छ दाजु भाई कमाउनु जेल सम्म एकदम घनिष्ट संबंध राख्छ यदि कारण बस नकमाउने भए पछि दाजु भाई प्रतिको संबंध घरन घाटको हुन्छ।
यो छोटो कथा छ तर ज्ञान बर्दक छ म यहीं कथा मार्फत सबै लाई भन्न चाहन्छु पैसा भनेको हाथको मैला हो तर दाजु भाईको संबंध भनेको रगतको नाता हो रगतको नाता माथि कसैले खेलबाड नगर्नु होला।



**धनेश्वर ठाकुर**
**धनुषाधाम ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। संघर्ष ।।

जति बाधा आयो अगाडि,
त्यति नै दृढ भयो कदम।
अन्धकारले रोके भने पनि,
मनको ज्योति मर्दैन कहिल्यै दम।
कहिले आँसु, कहिले मुस्कान,
यात्रामा दुवै साथी भए।
लड्दै–उठ्दै–अगाडि बढ्ने,
मानिस यहीँले बल पाएकै भए।
संघर्ष भनेको हार होइन,
हो त जीवनको अर्को नाम।
जति चोट लागे पनि,
भित्रै जन्मन्छ नयाँ प्रण, नयाँ काम।
अन्त्यतिर उज्यालो पर्खिरहेछ,
पहाड–खोला–जति पार गरेपछि।
संघर्षले सिकाउँछ मनुष्यलाई–
बाँच्ने कला, उड्ने साहस,
र आफैँलाई जित्ने तरिका पनि।



**लेखक :बब्लु शर्मा**
**ज. उ. न. पा.-७**

## ।। विवाहपञ्चमी ।।

मिथिलाको भूमि, खुशीको बहार, राम-सीता मिलनको पावन आधार।
अगहन शुक्लको, पञ्चमीको दिन, उत्साह र भक्तिमा, झुम्छ सारा मन।
जनकपुर धाममा, सजिलो छ रौनक, विवाह मण्डपमा, बज्छ मीठो टोनक। त्रेताको त्यो कथा, आज पनि ताजा, आदर्श जोडीको, सम्झनामा साजा।
प्रेमको यो गाँठो, अटूट रहोस् सधैँ, सत्य, निष्ठा र धर्म, जीवनमा बगेस् रै। जय सियारामको, गरौँ आज जयकार, पर्व यो महान्को, सबैलाई शुभकामना अपार!



**लेखक : शम्भु साह (कानूनको विद्यार्थी )**
**ठेगाना : मिर्चैया न.पा ११**

## ।। विवाह पंचमीक समाप्ति ।।

जनकपुरक उत्सव अब खत्म भ' गेल,
दीपक रौशनी धीरे-धीरे बुझि गेल।
भीड़क रेला, गीत-नाच अब रूईगेल गेल,
मंदिरक घंटी आब शांत भेल, शहर चुप भ' गेल।
तथापि मनमे यादक मिठास बचल,
राम-सीताक पवित्र प्रेमक आनन्द रहि गेल।
आगाँक साल फेर अवसर आयत,
जनकपुरक हृदय फेर सजत।
आइ चोटी से आरो निक अग्ला फेरु होइत
ममता माता सीता जी के सब कोइ पाउ
अग्ला साल फेरू आहि जनकपुरक में रमाउ
दिन भेल छोत राईट बरका
तैयो याद आइएत विवाह पञ्चमी जैसा



**लेखक-राजु ठाकुर**
**ठेगाना- क्षि. न. पा -७ , नयाँ बजार**
**योगिता-व्यवस्थापन**

## ।। गजल ।।

जहिया सँ अहाँ सपन में अनाइ छोडि देलियै
सच कहैछी चेहाक हम उठनाइ छोडि देलियै
जीवन जीनाइ अछि केवल बहाना हमर आब
अहाँक देहल घाउ'स आब हँसनाइ छोडि देलियै
बस हँसी-हँसी में देने छलौं अपन दिल अहाँके
मनक बात मोनही मन बतिअनाइ छोडि देलियै
घात अहाँक नइ सायद इ मोबाइल के अछि
तें आब मोबाइल, बगलीमे रखनाइ छोडि देलियै
अहाँ खोजी लेलौं उदगार" सँ निमन साथी भले
मुदा हम दिल'स ककरो अपननाइ छोडि देलियै



**उदगार यादब**
**मिथिला विहारी नगरपालिका**
**सिरसिया-६**

## ।। समृद्धिक खोज।।

हर पाँच बरिषे पार्टी बदएलै, केना चलत देशक नाव
जनता देखै बदलल चेहरा, नीति बनै बस खेलक दाव
वादा-पोस्टर बदलि जाइ छै, दुख-सपना रहि जाइ ठाम
करेजक भीतर उम्मीद मरै, फेर जरबै नव चिराग
कखन अपन देशक रस्ता भेटै, कखन भेटै संतुलन कोनो
नेता बदलै, सोच न बदलै—एहेन बनल अइयै प्रवाह
जनता धैर्यक श्वास ल५ कै, रोज भरोसाक दीप जराबै
पर पाँच बरिषक फेर-बदलमे, केतेक टूटै लोकक भाव
देशक गामक धूलि-हवामे, बस एके प्रार्थना उठैत
कियो तँ एहन राज चलौने, जहिएँ होइ समृद्धिक प्रभाव



**लेखक :- भागचरण यादव**
**जनकपुरधाम -१४ मुजेलिया धनुषा**

## ।। त्यो मान्छे पनि बदिलयो जसले भने गर्थ्यो ।।

तिमी भय अरु के ही चाहिँदैन
डोरीको साहारा लिन सकेको छैन ,,
भगवान एउटा ठुलो बअअष्मभलत मा पारिदीनू
,, जहाँ मेरो एउटा पनि अस्तित्व बाकी नरहोस,
:मुटु दिएर आशु उपहार पाएको मान्छे हु
म अब मरि हत्ते गरेर कसैलाई
आफ्नो बनाउदिन म। माया
जिन्दगीमा हजारौं दुर्घटना भएका थिए
तर सबै भन्दा बढी जीवन ग्रस्त दुर्घटना
तिमी सङ्ग भेट हुनु मा भयो माया
:आँशुको कुनै कदर नभएपछि मैले
त्यहाँ पनि हाँसेर देखाए जहाँ
म सबैभन्दा बढि रोएकी थिए। सानु
साथ त धेरैले दिन्छन् सानु,
तर परिस्थितिको भाषा बुझेर हात समाइदिने मान्छे नै जीवनभरको आशीर्वाद बन्छ।
तिमी जस्तै मन बुझ्ने मान्छे भेटिनु...
मेरो लागि त भाग्यले दिएको उपहार हो



**विरेन्द्र कुमार चौधरी**

# विशालकी पूर्वपत्नीमाथि साम्राज्ञीको आरोप- 'उनले मलाई धेरैपटक ब्ल्याकमेल गरिन्'



काठमाण्डु । अभिनेत्री साम्राज्ञी आरएल शाहले विशाल खरेलसँग इन्गेजमेन्ट गरेपछि यतिबेला उनको व्यापक आलोचना भइरहेको छ। विशाल पहिल्यै विवाहित र एक बच्चाको बाबु समेत रहेको थाहा हुँदाहुँदै सम्बन्ध अघि बढाएको, अरुको परिवार तोड्ने काम गरेको जस्ता आरोप उनीमाथि लागेका छन् । यसबारे उनले बुधबार इन्स्टाग्राममा एक पोस्टमार्फत स्पष्टीकरण दिइसकेकी छन् ।

उनले विशालसँग विवाह गर्ने निर्णयको बचाउ गर्दै इन्गेजमेन्ट गरेकोमा पछुतो नभएको बताएकी छिन् । कसैको परिवार तोड्ने काम आफूबाट नहुने बताउँदै उनले विशाल पहिले नै धेरै अगाडि बढिसकेकाले आफूहरूले इन्गेजमेन्ट गरेको स्पष्ट पारेकी छन् । उनले कानुनी रूपमा आफूहरू मंगेतरको रूपमा दर्ता भइसकेकाले प्रेमको रक्षा गर्ने वाचा गरेकी छन् ।

साम्राज्ञीले बिहीबार पनि एक पोस्ट लेख्दै विशालको पहिला विवाह नै नभएको दाबी गरेकी छन् । उनले लेखेकी छन्, 'उसले मलाई स्पष्ट रुपमा भनिसकेको थियो कि उसको पूर्वप्रेमिकाबाट एक छोरा छ ।

उनीहरू कहिल्यै विवाहित थिएनन्, अनि कसरी सम्बन्ध विच्छेद भयो ? मान्छेहरू सधैं भावनात्मक रूपमा हेरफेर गरिएका कुरा र प्रमाण बिनाका गलत कुराहरूमा बढी विश्वास गर्छन् ।'

उनले विशालकी पूर्वपत्नी सरिता सुब्बा (मुनु) प्रति लक्षित गर्दै आफूलाई धेरैपटक ब्ल्याकमेल गरेको समेत आरोप लगाएकी छन् । उनी अगाडि लेख्छिन्, 'झूटमाथि झूट । म उनीसँग कहिल्यै संलग्न हुने थिइनँ । यद्यपि, उनले मलाई धेरैपटक ब्ल्याकमेल गरिन् । उनी अझै पनि उसलाई बढी पैसाको लागि ब्ल्याकमेल गर्छिन्, यो दुर्व्यवहार हो ।'

विशालकी पूर्वपत्नी सुब्बाले पनि बुधबार एक भिडियो सन्देशमार्फत आफूहरू विवाहित रहेको र बच्चा पनि छ भन्ने थाहा हुँदाहुँदै साम्राज्ञीले आफ्नो पूर्वश्रीमानसँग सम्बन्ध राखेको दाबी गरेकी थिइन्। थाइल्यान्डमा गीतको छायांकनको क्रममा साम्राज्ञीसँग 'बेड सेयर' गरेको पुष्टि श्रीमानले नै गरेपछि आफूले अलगिने निर्णय गरेको उनले भिडियोमा भनेकी छन् । फिल्मी खबर

# विदेशमा 'मिरमिरे'को माग: ५ देशमा प्रदर्शन अधिकार बिक्री

काठमाण्डु । माघे संक्रान्तिको अवसर पारेर माघ १ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'मिरमिरे'को पोस्टर सार्वजनिक भएसँगै विदेशमा यसको माग बढ्न थालेको छ । यससँगै निर्माण पक्षले फिल्मको अन्तर्राष्ट्रिय प्रदर्शन अधिकार बिक्री सुरु गरेको छ। पहिलो चरणमा इजरायल, युएई, कतार, बहराइन, र मलेसियाका लागि फिल्मको प्रदर्शन अधिकार बिक्री गरिएको छ।

यी ५ देशका लागि आशिष इन्टरटेन्मेन्टले फिल्मको राइट्स खरिद गरेको हो । सो कम्पनीसँग 'जेरी अन टप', 'बलिदान', 'जनै हराएको मान्छे', 'पिताम्बर', 'होस्टेल ३' जस्ता फिल्महरू मध्यपूर्वका देशमा प्रदर्शन गरिसकेको अनुभव छ । 'मिरमिरे'को चर्चा र स्टारकास्टलाई मध्यनजर गर्दै प्रदर्शन अधिकार खरिद गरिएको कम्पनीले जनाएको छ।



यम शेर्पाको निर्देशनमा बनेको यस फिल्ममा दयाहाङ राई, सिर्जना निङलेखु, प्रकाश सपूत मुख्य भूमिकामा छन् । दयाहाङ र सिर्जनाले यसअघि निर्देशक शेर्पाको पहिलो फिल्म 'कार्साङ'मा श्रीमान्–श्रीमतीको भूमिकामा अभिनय गरेका थिए । 'जारी २ 'मा पनि उनीहरूको सहकार्य भएको थियो । दयाहाङ र प्रकाशले भने पहिलो पटक एकसाथ काम गरेका हुन् ।

यार्सा फिल्म्सको प्रस्तुति रहेको फिल्ममा माओत्से गुरुङ, छुल्टिम गुरुङ, भोलाराज सापकोटा, दिविशा पन्त, चिराग श्रेष्ठ, नमनराज गजुरेल, बाल कलाकार शाइसा गौचन लगायतको पनि अभिनय देख्न सकिनेछ। यसमा निर्देशक शेर्पा स्वयंको लेखन छ भने आलोक शुक्लाको छायांकन रहेको छ। फिल्ममा निमु शेर्पा, छोङ्बा लामा शेर्पा र आङ्छिरिङ शेर्पा निर्मातामा छन् । फिल्मीखबर

# सङ्कट समाधानका लागि एउटै मोर्चा आवश्यक छः संयोजक दाहाल



सुदूरपश्चिम । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले राष्ट्रमा उत्पन्न सङ्कट समाधानका लागि वामपन्थी र गैरवामपन्थी शक्तिलाई एउटै मोर्चामा ल्याउन जरुरी रहेको बताउनुभएको छ।

विभिन्न कम्युनिष्ट घटकहरु मिलेर गठन गरिएको नेपाली कम्युनिष्ट पार्टी (नेकपा) को शुक्रबार धनगढीबाट सुरु गरिएको पार्टी एकता सन्देश सभामा पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका दाहालले नेकपा पार्टीमा अन्य वामपन्थी र देशभक्तहरु केन्द्रित भएर अटाउन सक्ने बताउनुभयो।

भदौ २३ र २४ गतेको घटनापछिको परिस्थिति समाधानका लागि वामपन्थी प्रगतिशील, लोकतान्त्रिक शक्तिलाई नेपाली कम्युनिष्ट पार्टीको मोर्चामा ल्याउन पहल भइरहेको जानकारी दिनुभयो । हिजो भए गरेका कमीकमजोरीको समीक्षा गरी महान उद्देश्य बोकेर नेकपाको निर्माण सुरु गरिएको स्पष्ट पार्दै उहाँले भन्नुभयो, "नेकपाले कोरेको गोरेटो बाटोमा देश अघि बढ्दै छ, नेपालको एक नम्बर पार्टी नेकपा भइ छाड्छ।"

देशभरका क्रान्तिकारीले नेकपालाई नयाँ आशा र भरोसाका साथ हेरिरहेको उल्लेख गर्नुहुँदै उहाँले बृहत शक्ति निर्माणका लागि पार्टीमा ध्रुविकृत हुन सबैलाई अपिल गर्नुभयो । हाल उत्पन्न सङ्कटको निकासका लागि निर्वाचनको विकल्प नदेखिएकाले निर्वाचनको वातावरण बनाउने काममा लाग्न नेता कार्यकर्तालाई उहाँले निर्देशन दिनुभयो।

पार्टीका सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले वामपन्थी पार्टीहरुमा विगतमा भएका टुटफुटबाट शिक्षा लिएर नेपाली राजनीतिलाई स्वच्छ बनाउँदै नेकपा अघि बढ्न लागेको बताउनुभयो । समाज रुपान्तरणका लागि पार्टीमा समाहित भएर अगाडि बढ्नमा सहयोग गर्न आग्रह गर्दै उहाँले भन्नुभयो, "नयाँ क्रान्तिकारी पार्टी बनाउने सोचले गठन भएको नेकपाले भ्रष्टाचार र बेथितिको अन्त्य र जनताको पक्षमा काम गर्ने सङ्कल्प लिएको छ।"

सो पार्टीका नेता भीमबहादुर रावलले देशको मुहार फेर्न गठन भएको नेकपाले देशलाई रुपान्तरण र परिवर्तन गर्न चाहेको बताउनुभयो। उहाँले देशको स्वाधिनता र समृद्धिको यात्रालाई अगाडि बढाउन पार्टी क्रियाशील रहेको उल्लेख गर्नुभयो। सन्देश सभामा पार्टीका नेता प्रकाश शाह, गिरीराजमणि पोखरेल, भानुभक्त जोशीलगायतले पार्टी गठन र समसामयिक राजनीतिका बारेमा बोल्नुभएको थियो।

झण्डै एक दर्जनभन्दा बढी वाम घटक मिलेर गठन गरिएको नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले पार्टी एकता सन्देश शुक्रबार पहिलो पटक सुदूरपश्चिम प्रदेशको धनगढीबाट सुरु गरेको हो । सन्देश सभास्थलमा अशान्ति हुन नपाओस् भनेर ठूलो सङ्ख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल परिचालन गरिएको थियो ।रासस

# नियमित महाधिवेशनका लागि बृहत युवा विद्यार्थी भेला

काठमाण्डु । नेपाली कांग्रेस सम्बद्ध युवा र विद्यार्थी सङ्गठनले शुक्रबार नियमित महाधिवेशनका लागि बृहत युवा विद्यार्थी भेला आयोजना गरेको छ।

उनीहरुले नियमित महाधिवेशन गर्नुपर्ने मागसहित बृहत भेला आयोजना गरेका हुन् । भेलामा पार्टीका विभिन्न तहका नेताहरूले नियमित महाधिवेशन गर्नुपर्ने विषयमा सम्बोधन गरेको विद्यार्थी नेता मनिषजङ्ग थापाले जानकारी दिनुभयो ।

कार्यक्रमका वक्ता एवं नेविसङ्घका केन्द्रीय सदस्य आदर्श मल्लले पार्टीभित्र भागबण्डाको खेलले गर्दा नेपाल विद्यार्थी



सङ्घलगायत भातृसंस्थाहरुको अवस्था कमजोर हुँदै गएको बताउनुभयो । उहाँले पार्टीलाई एकताबद्ध गरेर निर्वाचनमा सहभागी हुने वातावरण बनाउन सबै गम्भीर हुनुपर्ने धारणा राख्नुभयो ।

कांग्रेसका युवा नेता पुष्पकुमार शाहीले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पार्टीलाई बलियो बनाउनुपर्ने तथा जेनजी युवाको भावना सम्बोधन गर्नका लागि भए पनि कांग्रेस नियमित महाधिवेशनमा जानुपर्ने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "पार्टीमा विशेष महाधिवेशन वा नियमित महाधिवेशनको विवाद आवश्यक छैन । वडादेखि केन्द्रसम्म जेनजी युवाको प्रतिनिधित्व सुनिश्चितता गराउन नियमित महाधिवेशन आवश्यक छ।"

अधिकांश वक्ताहरुले देशको अवस्थालाई मध्यनजर गर्दै कांग्रेस आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा चुनावमा केन्द्रित हुनुपर्ने तथा नियमित महाधिवेशनमा जानुपर्ने धारणा राखेका थिए । उक्त भेलामा नेपाली कांग्रेसका महिला केन्द्रीय सदस्य, तरुण दल केन्द्रीय सदस्य, युवा तथा विद्यार्थी सङ्घका केन्द्रीय सदस्यहरूको सहभागिता रहेको थियो ।रासस

# निर्वाचनका लागि मतदान केन्द्र निर्धारण र म्यादी प्रहरी भर्नाको तयारी

काठमाण्डु । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतदान केन्द्र र निर्वाचन सुरक्षाका लागि म्यादी (अस्थायी) प्रहरीको सङ्ख्या यकिन गरी आवश्यक प्रक्रिया सुरु गर्न सम्बद्ध निकाय तयारीमा जुटेका छन् । यसअघिको पूर्वानुमानभन्दा नयाँ मतदाता थप भई सङ्ख्या बढेकाले एकीकृत निर्वाचन सुरक्षा योजनामा प्रक्षेपित एक लाख ३२ हजार म्यादी प्रहरी बढाउनुपर्ने आवश्यकता देखिएपछि सम्बद्ध निकाय तयारीमा जुटेका हुन् ।




गृह मन्त्रालयका सहसचिव एवं प्रवक्ता आनन्द काफ्लेले निर्वाचन सुरक्षा योजना कार्यान्वयनका क्रममा नेपाल प्रहरीले म्यादी प्रहरीको भर्ना प्रक्रिया सुरु गर्ने बताउनुभयो । नयाँ मतदाताको सङ्ख्यालाई आकलन गरेर म्यादी प्रहरीको सङ्ख्या बढ्न सक्ने उहाँले उल्लेख गर्नुभयो।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी अतिरिक्त महानिरीक्षक अबिनारायण काफ्लेले निर्वाचन आयोगले मतदान केन्द्र यकिन गरेपछि सुरक्षा संवेदनशीलताका आधारमा शीघ्र जिल्ला सुरक्षा समितिमार्फत म्यादी प्रहरीको भर्ना प्रक्रिया प्रारम्भ हुने जनाउनुभयो । उहाँले एकीकृत सुरक्षा योजना तथा म्यादी प्रहरी छनोटको मापदण्ड प्रदेश र जिल्लास्तरसम्म पुगेकाले थप हुने मतदान केन्द्रका आधारमा जनशक्ति स्पष्ट हुने बताउनुभयो।

निर्वाचनका क्रममा कूल ४० दिन खटिने म्यादी प्रहरीले प्रहरी जवानले पाउनेसरह आधार भूत तलब, लत्ताकपडा, यातायात खर्चलगायत सुविधा पाउनेछन् । निर्वाचनका लागि नेपाल प्रहरीले ७१ हजारभन्दा बढी प्रहरी खटाउने तयारी गरेको प्रहरीका केन्द्रीय प्रवक्ता काफ्लेले जानकारी दिनुभयो।

केन्द्रीय सुरक्षा समितिले निर्वाचनभन्दा पूर्व, निर्वाचनको अवधि र निर्वाचनपछि गरी तीन चरणको सुरक्षा योजना बनाएको छ।

निर्वाचनका लागि सङ्घीय सरकारको सिफारिसमा राष्ट्रपतिबाट बिहीबार नेपाली सेना परिचालनको स्वीकृति भइसकेको छ । निर्वाचनको पहिलो घेरामा प्रहरी, दोस्रोमा सशस्त्र प्रहरी र तेस्रोमा सेना रहनेछन् भने म्यादी प्रहरीले नेपाल प्रहरीलाई सघाउनेछन् । यही मङ्सिर ५ गते सम्पन्न भएको मतदाता नामावली सङ्कलन कार्यमा फोटो तथा औँठाछापसहितको जैविक विवरण (बायोमेट्रिक्स)मार्फत तीन लाख ४४ हजार ९१४ र राष्ट्रिय परिचयपत्रमार्फत चार लाख ९२ हजार १८० नयाँ मतदाता थपिएका छन् । गत कात्तिक १६ गतेसम्म १८ वर्ष उमेर पूरा भएका नयाँ मतदाता मतदान नामावलीमा दर्ता भएसँगै कूल मतदाता एक करोड ८१ लाख ६८ हजार २३ पुगेको छ।

आयोगले विवरणमा त्रुटि सच्याउन वा उजुरी दिन सकिने समय दिएपछि अन्तिम मतदाता नामावली सार्वजनिक गर्नेछ । विसं २०७९ को प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा एक करोड ७९ लाख ८८ हजार ५७० मतदाता रहेका थिए । त्यसबेला १० हजार ८९२ मतदान स्थलमा २२ हजार २२७ मतदान केन्द्र तथा १४१ अस्थायी मतदान केन्द्र तोकिएका थिए ।रासस

# पूर्वअतिरिक्त प्रहरी महानिरीक्षक पोखरेल रास्वपामा



काठमाण्डु । पूर्वअतिरिक्त प्रहरी महानिरीक्षक विश्वराज पोखरेल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा प्रवेश गर्नुभएको छ। शुक्रबार रास्वपाले उहाँलाई पार्टीमा स्वागत गर्दै केन्द्रीय अनुशासन आयोगको वरिष्ठ सल्लाहकारमा मनोनयन गरेको छ।

रास्वपाले शुक्रबारै अधिवक्ता सुशीला सिंखडालाई सदस्यमा मनोनयन गरेको छ। त्यसैगरी पार्टी कोषाध्यक्ष लिमा अधिकारीको संयोजनमा प्रशान्त प्रधान, अनिल अधिकारी र कुमार आनन्द मिश्रसमेत रहने उम्मेदवार छनोट अडिट समिति गठन गरिएको जनाइएको छ। त्यसैगरी, विभिन्न केन्द्रीय विभाग तथा आयोगमा पनि १५ जनाको नयाँ मनोनयन गरिएको छ।

शुक्रबारै रास्वपाले विवेकशील साझा पार्टीसँग एकता घोषणाको तयारी अघि बढाइएको जनाएको छ। सो पार्टीको शुक्रबारको सचिवालय बैठकले पार्टी एकता घोषणा कार्यक्रमबारे छलफल गर्न शुक्रबारै केन्द्रीय समितिको बैठक डाकिएको प्रवक्ता मनीष झाले जानकारी दिनुभयो। उहाँका अनुसार उच्च संवाद समितिले प्रस्तुत गरेको प्रगतिसहित परिवर्तनका पक्षधर राजनीतिक शक्तिहरूलाई एउटै ध्रुवमा ल्याउने प्रक्रियामा उल्लेख्य उपलब्धि नजिकिएको बैठकमा जानकारी गराइएको थियो ।रासस

# स्वास्थ्य मन्त्री गौतमसँग भारतीय राजदूतको शिष्टाचार भेट

काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा सुधा गौतमसँग नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवले शुक्रबार शिष्टाचार भेटघाट भएको छ।

मन्त्रालयमा भएको भेटका क्रममा दुई देशबीचको ऐतिहासिक र अतुलनीय मित्रता रहेको उल्लेख गर्दै स्वास्थ्य क्षेत्रमा विद्यमान द्विपक्षीय साझेदारीलाई अझ दिगो र प्रभावकारी बनाउने सम्बन्धमा छलफल भएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो।

भेटमा मन्त्री गौतमले नेपाल-भारतबीचको सम्बन्ध गहिरो रहेको र स्वास्थ्य क्षेत्रमा भारतले गरेको निरन्तर सहयोगप्रति धन्यवाद व्यक्त गर्नुभयो। साथै उहाँले मातृ तथा शिशु स्वास्थ्य, मानसिक स्वास्थ्य, स्वास्थ्य बीमा, राष्ट्रिय औषधि प्रयोगशालाको परीक्षण क्षमता अभिवृद्धि र प्रवासमा रहेका नेपाली श्रमिकको स्वास्थ्य सुधार मन्त्रालयको प्रमुख प्राथमिकतामा रहेको बताउनुभयो।

राजदूत श्रीवास्तवले भारत-नेपाल सम्बन्धको महत्व दोहोर्याउँदै राष्ट्रिय औषधि प्रयोगशालाको स्तरोन्नतिका लागि भवन निर्माण, आवश्यक उपकरण र जनशक्तिको तालिममा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस



# निर्वाचन सुरक्षाको जिम्मेवारी पूरा गर्न सेनालाई प्रधानमन्त्रीको निर्देशन

काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले मुलुकमा शान्तिसुरक्षा बहाल गराई आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन सफलतापूर्वक सम्पन गर्ने काममा नेपाली सेनाको महत्वपूर्ण भूमिका रहेको बताउनुभएको छ।

शुक्रबार भद्रकालीस्थित नेपाली सेनाको मुख्यालयको निरीक्षणका क्रममा प्रधानमन्त्री कार्कीले सरकारलाई प्राप्त जिम्मेवारीबमोजिमशान्तिसुरक्षाको प्रत्याभूतिसहित घोषित मितिमा स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गरी राष्ट्रिय अभिभारा पूरा गर्ने अभियानमा सेनाको प्रमुख भूमिका रहेको स्पष्ट गर्नुभयो।



गौरवमय इतिहास भएको नेपाली सेनाले निर्वाचन सुरक्षाका क्रममा यसअघि जस्तै प्राप्त जिम्मेवारी सफलतापूर्वक पूरा गर्ने विश्वास व्यक्त गर्नुभयो। "जनतालाई सुरक्षाको प्रत्याभूति दिन, प्रहरी कारबाहीलाई सहजीकरण, सहयोग र सुरक्षित गर्न तथा सबै राजनीतिक दलका राजनीतिक गतिविधिलाई बिनाअवरोध सञ्चालन गर्ने वातावरण सिर्जना गर्न स्पष्ट कार्ययोजनासहित अघि बढ्न निर्देशन दिन्छु", प्रधानमन्त्रीले भन्नुभयो।

आगामी निर्वाचनका क्रममा नागरिकको ज्यान जाने र घाइते हुने अवस्था आउन नहुनेमा जोड दिँदै प्रधानमन्त्रीले यसअघिका चुनावको समेत अनुभव र आसन्न चुनावका विविध आयामबाट विश्लेषण गरी सुरक्षा संवेदनशीलताका आधारमा सबै सुरक्षा निकायसँग समन्वय गरी त्रुटिरहित ढङ्गले काम गर्न निर्देशन दिनुभयो।

प्रधानमन्त्रीले जेनजी आन्दोलनका क्रममा लुटिएका र हराएका हातहतियारको खोजतलाससहित नियन्त्रणमा लिन प्रहरीलगायत सुरक्षा निकायसँग आवश्यक सहकार्य गर्न, मुलुकमा शान्ति सुरक्षा सुनिश्चित गर्न तथा फरार अपराधी पक्रन खटिएका प्रहरीलाई सहयोग गर्न पनि निर्देशन दिनुभयो।

जङ्गी अड्डा निरीक्षणका क्रममा प्रधानमन्त्री कार्कीले निर्वाचन सुरक्षा तयारीबारे जानकारी लिनुभयो । यसैगरी सेनाले हालको सुरक्षा अवस्था, प्रमुख चुनौती र आगामी योजनाबारे 'ब्रिफिङ' गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । निर्वाचन सुरक्षामा सेना परिचालनको योजना र ढाँचाबारे पनि प्रस्तुतीकरण दिइएको थियो।

प्रधानमन्त्रीलगायत भ्रमण टोलीमा संलग्न विशिष्ट पदाधिकारीहरुलाई प्रधानसेनापति अशोकराज सिग्देलले स्वागत गर्नुभएको थियो। निरीक्षण भ्रमण टोलीमा गृहमन्त्री ओमप्रकाश अर्याल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हा, मुख्यसचिव सुमनराज अर्याललगायत विशिष्ट अधिकारीको उपस्थिति थियो ।रासस

# देशभर कृषि सर्वेक्षण गरिँदै

काठमाण्डु । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सरकारले कृषि क्षेत्रको विकासका लागि देशभर कृषि सर्वेक्षण सुरु गरेको छ । मन्त्रालयले सबै स्थानीय तह, प्रदेशको कृषि मन्त्रालयलगायत सरोकार भएका निकायसँगको समन्वयमा तथ्याङ्क सङ्कलन सुरु गरेको हो।




तथ्याङ्क लिँदा दोहोरो गणना हुन सक्ने भएकाले एकद्वार प्रणालीबाट स्थानीय तहसँग समन्वय र सहकार्य गरिएको मन्त्रालयका तथ्याङ्क शाखा प्रमुख रामकृष्ण रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार कृषि उत्पादन, पशुपालन, लागत, बजारीकरण, आम्दानी, सिँचाइ, पूर्वाधारको अवस्थालगायत विस्तृत विषयवस्तुलाई तथ्याङ्क सङ्कलन गरिने छ । गणकले किसानसँग प्रत्यक्ष भेटेर कृषि सर्वेक्षण गरिरहेका छन् । नमूना विधिका माध्यमबाट सङ्कलन गरिने तथ्याङ्कमा पहिलो चरणमा छ लाख किसान छनोट गरिने रेग्मीले जानकारी दिनुभयो । तीमध्येबाट ५१ हजार किसान छनोट गरी कृषि क्षेत्रमा उनीहरूको अनुभव तथा सरकारबाट प्रवाह गरिएका सेवा, सहुलियतमा लक्षित वर्गको पहुँच तथा समस्या पहिचान गरी आधिकारिक तथ्याङ्क सङ्कलन गरिने छ।

राष्ट्रिय जनगणना र कृषि गणनापछिको महत्त्वपूर्ण राष्ट्रियस्तरको कार्यक्रमका रूपमा कृषि सर्वेक्षणलाई लिइएको छ । देशभर तथ्याङ्क सङ्कलन भएपछि त्यसलाई थप अध्ययन गरी अन्तिम परिणाम आगामी पुससम्म सार्वजनिक गरिने कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ।

मन्त्रालयले सर्वेक्षण तथा तथ्याङ्क सङ्कलनका लागि स्थानीय तहमा क्षमता अभिवृद्धि गर्न तालिम तथा आवश्यक प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको छ । कृषि नीति तथा योजना तर्जुमा गर्न वैज्ञानिक आधार तयार पार्न तथ्याङ्क महत्त्वपूर्ण हुने अपेक्षा गरिएको छ ।रासस

# मङ्सिर १७ गते उज्यालो नेपाल पार्टी घोषणा हुने

काठमाण्डु । यही मङ्सिर १७ गते उज्यालो नेपाल पार्टी घोषणा हुने भएको छ। पार्टीको मूल नारा 'उज्यालो भविष्यका लागि, उज्यालो नेपाल' राखिएको छ। सो नाराले देशको राजनीतिक, आर्थिक र सामाजिक रूपान्तरणलाई एउटै साझा राष्ट्रिय लक्ष्यका रूपमा प्रतिविम्बित गर्ने पार्टी प्रवक्ता राजु थापाले जानकारी दिनुभयो।



पार्टी घोषणा सभाको तयारी अन्तिम चरणमा पुगेको उहाँले बताउनुभयो । सो अवसरमा उज्यालो नेपाल पार्टीको दीर्घकालीन दृष्टि, मूल ध्येय र विस्तृत घोषणापत्र २०८२, औपचारिक रूपमा सार्वजनिक गरिनेछ।

नेपालको संविधानका उपलब्धिलाई आत्मसात् गर्दै जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता, निष्पक्ष, सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा सो पार्टीका सैद्धान्तिक दृष्टिकोण रहेका छन् ।रासस

# कर्णालीमाथि विराटनगरको रोमाञ्चक जित



काठमाण्डु । नेपाल प्रिमियर लिग (एनपिएल)को आजको खेलमा विराटनगर किङ्ग्सले कर्णाली याक्सविरुद्ध तीन विकेटको रोमाञ्चक जीत निकालेको छ । विराटनगरका बसिर अहमदले उत्कृष्ट ब्याटिङ गर्दा एक समय असम्भव लागेको जीत सम्भव भएको हो ।

कर्णालीले प्रस्तुत गरेको १६१ रनको लक्ष्य पछ्याएको विराटनगरले १९ दशमलव ५ ओभरमा सात विकेटको क्षतिमा लक्ष्य पूरा गऱ्यो ।

विराटनगरको सुरुआत भने राम्रो रहेन । ओपनर लोकेस बमले ६ रन र जर्ज मुन्से शून्यमा आउट हुँदा दबाबमा परेको विराटनगरका लागि साम हेजलेटले १६ र साहिल पटेलले १९ रन मात्रै बनाए । त्यसपछि आएका अहमलले उत्कृष्ट ६२ रन बनाए । उनले ४३ बल खेल्ने क्रममा तीन छक्का र तीन चौका प्रहार गरे । विराटनगरका लागि नारायण जोशीले पनि २५ रनको महत्वपूर्ण योगदान दिए ।

विराटनगर सामू जितका लागि अन्तिम ओभरमा १० रन आवश्यक थियो । अहमदले पाँचौ बलमा छक्का प्रहार गर्दै विराटनगरको जीत सुनिश्चित गरे । १४औँ ओभरसम्म सुस्त गतिमा रन बनाएका विराटनगरले त्यसपछि भने गति बढाएको थियो । विराटनगरले अन्तिम पाँच ओभरमा दुई विकेट गुमाउँदै ७१ रन बनाएको थियो ।

कर्णालीका लागि सोमपाल कामी र गुलशन झाले दुई/दुई विकेट लिए भने पवन सरार्फ, नन्दन यादव र विलियम बोसिस्टोले एक/एक विकेट लिए ।

त्यसअघि पहिले ब्याटिङ गरेको कर्णालीले निर्धारित २० ओभरमा ३ विकेटको क्षतिमा १६० रन बनाएको थियो । उसका लागि प्रियान्क पञ्चालले सर्वाधिक ६३ तथा विलियम बोसिस्टोले अविजित ४८ रनको योगदान दिए । यी दुवै ब्याटरले दोस्रो विकेटका लागि ९६ रनको साझेदारी गरे ।

विराटनगरका लागि कप्तान सन्दीप लामिछाने र मर्चेन्ट डे लाङ्गेले १/१ विकेट लिए । रासस

# चौध अर्धशतक र एक शतकको 'रेकर्ड'

काठमाण्डु । कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालामा मङ्सिर १ गतेदेखि सुरु भएको नेपाल प्रिमियर लिग (एनपिएल)मा हालसम्म १४ खेल समाप्त भएका छन् । चौध खेल समाप्त हुँदा १४ अर्धशतक र एक शतक प्रहारको 'रेकर्ड' बनेको छ ।

एनपिएलमा हालसम्म नेपाली खेलाडीले शतक प्रहार गर्न सकेका छैनन् । जारी सिजनमा प्रहार भएका १४ अर्धशतकमध्ये पाँच अर्धशतक नेपाली खेलाडीको नाममा छ । बाँकी सबै विदेशी खेलाडी छन् ।
सबैभन्दा बढी अर्धशतक हिर्काउने खेलाडीमा सुदूरपश्चिम रोयल्सका तीन, विराटनगर किंस, पोखरा एभेन्जर्स, जनकपुर बोल्ट्सका दुई/दुई खेलाडी छन् । यस्तै, चितवन राइनोज, कर्णाली याक्सका एक/एक खेलाडी रहेका छन् । व्यक्तिगत रूपमा सबैभन्दा बढी चितवनका विदेशी खेलाडी रवी बोपराले तीन अर्धशतक पूरा गरेका छन् ।

यस्तै, पोखराका कप्तान तथा नेपाली क्रिकेट टोलीका 'ओपनर ब्याटर'समेत रहेका कुशल भुर्तेलले दुई अर्धशतक पार गरेका छन् । सुदूरपश्चिम टोलीका नेपाली खेलाडी विनोद भण्डारी, विदेशी खेलाडीद्वय हर्मित सिंह, जोश ब्राउन, जनकपुरमा आबद्ध नेपाली खेलाडी आसिफ शेख, विदेशी खेलाडी वायन पार्नेल, विराटनगर किंसका नेपाली खेलाडी लोकेश बम, विदेशी खेलाडी मार्टिन गुप्टिल, कर्णालीका प्रियान्क पन्चालले एक/एक अर्धशतक प्रहार गरेका छन् ।

कर्णालीका विदेशी खेलाडी मार्क वाटमात्रै जारी प्रतियोगितामा शतक हिर्काउने एकमात्र खेलाडी हुन् । लुम्बिनीविरुद्ध ११४ रनको अविजित इनिङ खेलेका वाटले ४१ बलमै शतक पूरा गरे । उनी एनपिएलमा सबैभन्दा छिटो शतक बनाउने ब्याटरसमेत हुन् । वाट एकै इनिङमा सबैभन्दा धेरै रन बनाउने ब्याटरसमेत बने । यसअघि प्रतियोगिताको पहिलो संस्करणमा पोखरा एभेन्जर्सका



आन्द्रियस गौसले शतक बनाएका थिए । गत वर्ष लुम्बिनीविरुद्ध नै गौसले १०४ रनको शतकीय इनिङ खेलेका थिए । यस क्रममा गौसले ५४ बलमा शतक बनाएका थिए ।

**सुदूरपश्चिम शीर्षमा, अङ्कविहीन जनकपुर**

हालसम्मको अङ्कतालिका हेर्दा सुदूरपश्चिम अपराजित टोलीका रूपमा देखिएको छ । उसले लगातार चार खेल जितेर आठ अङ्कका साथ शीर्ष स्थानमा छ । दीपेन्द्रसिंह ऐरीको कप्तानीमा रहेको साविक उपविजेतासमेत रहेको सुदूरपश्चिम 'प्लेअफ' नजिक छ ।गत सिजनको विजेता जनकपुर हालसम्म अङ्कविहीन छ । अनिल शाह कप्तानीको जनकपुरले तीनवटै खेल हारेको छ । अङ्कविहीन जनकपुरको ' प्लेअफ'को बाटो साँघुरो बन्दै गएको छ ।

सन्दीप लामिछानेको कप्तानीमा रहेको विराटनगर चार खेलबाट छ अङ्कका साथ दोस्रो स्थानमा छ । उसको 'प्लेअफ'को बाटो फराकिलो छ । कुशल मल्लले हाकेको चितवनले तीन खेलबाट चार अङ्क जोडेको छ । तेस्रो स्थानमा रहेको चितवन पनि 'प्लेअफ' मा पुग्ने सुरसारमा छ ।

अङ्कतालिकाको चौथो स्थानमा रहेको काठमाडौँले चार खेलमा दुई खेलमात्रै जितेको छ । करण केसीले सम्हालेको काठमाडौँलाई 'प्लेअफ' मा स्थान सुरक्षित गर्न बाँकी खेल जित्नुपर्ने हुन्छ । समान तीन खेलबाट दुई अङ्क मात्रै जोडेका सोमपाल कामीको कप्तानीमा रहेको कर्णाली र कुशल भुर्तेलको नेतृत्वमा रहेको पोखरा क्रमशः पाचौँ र छैटौँ स्थानमा छन् । प्लेअफको दौडमै रहेका यी दुवै टोलीले पनि बाँकी खेल जित्नैपर्ने दबाब छ ।

सातौँ स्थानमा रहेको रोहित पौडेलको कप्तानीको लुम्बिनी लायन्सले चार खेलमा एक खेल मात्रै जितेको छ । बाँकी खेलमा जीत हात पार्दै लुम्बिनी 'प्लेअफ' को बाटो तय गर्ने लक्ष्यमा छ, तर लयबाहिर रहेको लुम्बिनीलाई जीत निकाल्न कठिन छ । जारी प्रतियोगितामा सबैभन्दा बढी रन हिर्काउनेमा चितवनमा आबद्ध विदेशी खेलाडी रवी बोपरा छन् । उनले १८३ रन बनाएका छन् । बलिङतर्फ भने विराटनगरका कप्तान सन्दीप लामिछाने नौ विकेट लिएर पहिलो स्थानमा छन् ।

**कीर्तिमानी टिमको 'स्कोर' बनाउने विराटनगर, कम बनाउने कर्णाली**

जारी प्रतियोगितामा उच्च 'स्कोर' बनाउने टोलीमा विराटनगर रहेको छ । उसले पोखराविरुद्ध २२० रन बनाएको थियो । जुन एनपिएल इतिहासकै उच्च स्कोर हो । दोस्रो उच्च बनाउनेमा सुदूरपश्चिम छ । सुदूरले पनि पोखराविरुद्ध १९३ रन जोडेको थियो । जारी सिजनमा सबैभन्दा कम स्कोर बनाउनेको सूचीमा कर्णाली छ । सुदूरपश्चिमविरुद्ध ब्याटिङ गरेको कर्णाली ९४ रनमा समेटिएको थियो । नेपाल क्रिकेट सङ्घ क्यानको आयोजनामा जारी प्रतियोगिता मङ्सिर २७ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा आठ टोली सहभागी छन् ।रासस

# कर्णालीका पञ्चालद्वारा दोस्रो अर्धशतक प्रहार



काठमाण्डु । कर्णाली याक्सका प्रियान्क पञ्चालले राजधानीमा जारी नेपाल प्रिमियर लिग (एनपिएल) मा दोस्रो अर्धशतक हिर्काएका छन् ।

कीर्तिपुरमा भएको विराटनगर किङ्ससँगको खेलमा उनले ४२ बलमा ५० रन पूरा गरे । जसमा चार चौका र दुई छक्का सामेल छन् । यसअघि उनले चितवन राइनोजका विरूद्ध उनले अर्धशतक हानेका थिए । शतक बनाउनबाट चुकेका प्रियान्क उक्त खेलमा ९० रनमा आउट भएका थिए ।

प्रतियोगितामा यो १६औँ अर्धशतक हो । खेलाडीको हिसाबले १२ जनाले अर्धशतक र एक खेलाडीले मात्र शतक जोड्न सकेका छन् । यसअघि चितवन राइनोजका रवी बोपराले तीन, पोखरा एभेन्जर्सका कुशल भुर्तेलले दुई अर्धशतक हिर्काएका छन् ।

सुदूरपश्चिम रोयल्सका विनोद भण्डारी, जोश ब्राउन, हरमित सिंह, विराटनगर किंग्सका लोकेश बम, मार्टिन गुप्टिल, पोखराका सुमित बर्माले, काठमाडौँ गोर्खाजका जोन सिम्प्सन, जनकपुर बोल्ट्सका वायन पार्नेल र आशिफ शेखले एक/एक अर्धशतक हिर्काएका छन् । कर्णालीका मार्कबाट मात्रै जारी प्रतियोगितामा शतक हिर्काउने एक मात्र खेलाडी हुन् ।रासस

# एनपिएलः काठमाडौँद्वारा चितवन पराजित

काठमाण्डु । राजधानीमा जारी दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटमा शुक्रबारको पहिलो खेलमा काठमाडौँ गोर्खाज विजयी भएको छ । काठमाडौँले चितवन राइनोजलाई ५३ रनले हराउँदै विजयी भएको हो ।

जीतका लागि पाएको १४३ रनको लक्ष्य पछ्याएको चितवन १७ दशमलव दुई ओभरमा ८९ रनमा अलआउट भयो । उसका देव खनाल र रवी बोपराले समान २१/२१ तथा सोहेल तनभिरले १८ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । काठमाडौँका राशिद खानले तीन, कप्तान करण केसी, साशब आलम र मिलिन्द



कुमारले दुई/दुई विकेट झारे ।

यसअघि त्रिवि अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला कीर्तिपुरमा टस हारेर पहिला ब्याटिङ गरेको काठमाडौँ १९ दशमलव चार ओभरमा १४२ रनमा अलआउट भएको हो । जसमा जोन सिम्प्सनले सर्वाधिक ६० र मिलिन्द कुमारले ३८ रनको योगदान गरे । चितवनका सोहेल तनभिरले चार, कमलसिंह ऐरीले दुई, रञ्जित कुमारले दुई विकेट हात पारे ।रासस

# विश्व बक्सिङ काउन्सिल सम्मेलनमा प्रतिनिधित्व गर्दै 'एनपिबिसी'

नवलपरासी । विश्व बक्सिङ काउन्सिल (डब्लुबिसी) सम्मेलनमा नेपाल प्रोफेशनल बक्सिङ कमिशन (एनपिबिसी) ले पहिलोपटक सहभागिता जनाउने भएको छ ।

सम्मेलनमा कमिशनका अध्यक्ष राजन विक्रम प्रजापतिको नेतृत्वमा नेपाल बक्सिङका राष्ट्रिय रेफ्री दिपेश शर्मासहित दुई जनाको सहभागिता हुनेछ ।

आगामी नोभेम्बर ३० देखि डिसेम्बर ५ सम्म थाइल्यान्डको बैंककमा हुने ६३औँ सम्मेलनमा नेपाल पहिलोपटक औपचारिक उपस्थिति जनाउन लागेको अध्यक्ष प्रजापतिले जानकारी दिनुभएको छ । उहाँले भन्नुभयो, "सम्मेलनमा अन्तरराष्ट्रिय बक्सिङका नयाँ नीति, खेलाडी सुरक्षा मापदण्ड अद्यावधिक, प्रशिक्षण तथा स्वास्थ्य प्रणाली सुधार्नेजस्ता महत्त्वपूर्ण विषयमा बृहत् संवाद तथा कुराकानी हुनेछ, जसमा करिब १५० भन्दा बढी नै देशको सहभागिता रहनेछ ।"

ब क्सि ङ का राष्ट्रिय रेफ्री शर्माले सम्मेलनमा सहभागितापछि थप ऊर्जासहित अगाडि बढ्ने बताउनुभएको छ । उहाँले भन्नुभयो, "नेपालमा पछिल्लो समय बक्सिङतर्फ आकर्षण बढ्दो छ । त्यसैले सम्मेलनबाट फर्किपछि सशक्त रूपले लाग्ने र खेलाडीलाई थप उत्साहित बनाउन ऊर्जा मिल्ने विश्वास छ", उहाँले भन्नुभयो, "अफिसियल समूहमा रेफ्रीका रूपमा सहभागी हुनु नेपाल र विशेषगरी नवलपरासीका लागि गौरवको कुरा हो ।"रासस

# ट्रम्पद्वारा 'तेस्रो विश्व' आप्रवासन स्थगित गर्ने घोषणा

एएफपी

वासिङ्टन । वासिङ्टनमा एक अफगान नागरिकले दुई जना नेसनल गार्ड सैनिकमाथि गोली प्रहार गरी एक जनाको हत्या गरेको घटनापछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार तीव्र प्रतिक्रिया जनाउँदै आफूले भनेका 'तेस्रो विश्वका देशहरू' बाट हुने आप्रवासन पूर्ण रूपमा रोक्ने घोषणा गर्नुभएको छ ।



उहाँको कडा प्रतिक्रिया दोस्रो कार्यकालमा उहाँले अघि बढाइरहनुभएको आप्रवासन-विरोधी कठोर नीतिमा अर्को तीक्ष्ण मोडका रूपमा प्रस्तुत भएको छ । उहाँको प्रतिक्रियाले पूर्वराष्ट्रपति जो बाइडेन कार्यकालमा स्वीकृत 'लाखौँ भर्ना' उल्ट्याउने चेतावनीसमेत दिएको छ ।

राष्ट्रपति ट्रम्पले यसअघि वेस्ट भर्जिनियाबाट वासिङ्टनमा तैनाथ नेसनल गार्डकी २० वर्षीया साराह बेकस्ट्रोम घाइते हुने र त्यसपछि मृत्यु हुने दुःखद घटनाको पुष्टि गरिसक्नुभएको थियो । अफगानिस्तानमा अमेरिकी सेनासँग काम गरिसकेका २९ वर्षीय अफगान नागरिक सन्दिग्ध बन्दुकधारीका रूपमा पहिचान भएपछि एफबिआईले अन्तर्राष्ट्रिय आतङ्कवादी आशङ्कामा अनुसन्धान थालिएको जनाएको छ ।

अधिकारीहरूले घटनालाई 'एम्बुस-शैली' आक्रमणका रूपमा वर्णन गरेका छन् । यसले अमेरिकी राजधानीमा तैनाथ सेनाको प्रयोग, आप्रवासन नीति र अफगान युद्धको दीर्घकालीन प्रभाव जस्ता संवेदनशील राजनीतिक मुद्दाहरूलाई पुनः चर्चाको केन्द्रमा ल्याइदिएको छ ।

राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जालमा लेख्दै भन्नुभयो, "म अमेरिकी प्रणालीलाई पूर्ण रूपमा पुनःस्थापित गर्नका लागि सबै तेस्रो विश्वका मुलुकहरूबाट आप्रवासन स्थायी रूपमा रोक्छु ।" उहाँले तत्काल प्रभावबाट बाइडेन प्रशासनले स्वीकृत 'लाखौँ प्रवेश' खारेज गर्ने र 'अमेरिकाका लागि शुद्ध सम्पत्ति नबन्ने' व्यक्तिहरूलाई हटाइने चेतावनीसमेत दिनुभयो ।

थ्याङ्क्सगिभिङका अवसरमा सेनासँग भएको भिडियो सम्बोधनमा राष्ट्रपति ट्रम्पले वासिङ्टनमा भएको ' आतङ्कवादी आक्रमण' ले राष्ट्रमा शोक छाएको बताउँदै राजधानीमा अतिरिक्त सयौँ नेसनल गार्ड पठाइनु निवारक कदम भएको दाबी गर्नुभयो । "यदि गार्डम्यानहरू नहुँदा हुन् त घटना अझ गम्भीर हुन सक्थ्यो", उहाँले टिप्पणी गर्नुभयो ।

यसैबीच युएस सिटिजनसिप एन्ड इमिग्रेशन सर्भिस (युएससिआइएस) का निर्देशक जोसेफ एडलोले ट्रम्पको आदेशअनुसार 'चिन्ता उत्पन्न गर्ने' प्रत्येक देशका नागरिकको ग्रिन कार्ड फाइलमा पुनः कठोर छानबिन सुरु गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार अफगानिस्तान, क्युबा, हाइटी, इरान, म्यान्मालगायत १९ देश अहिले विशेष निगरानीको सूचीमा छन् । यीमध्ये धेरै राष्ट्र पहिले नै ट्रम्प प्रशासनको यात्रा प्रतिबन्ध सूचीमा परेका थिए ।

बुधबारको आक्रमणमा गम्भीर घाइते भएका २४ वर्षीय सैनिक एन्ड्र्यु वोल्फ आफ्नै ' जीवनका लागि लडिरहेका' छन् । वासिङ्टन राज्यमा बस्दै आएका सन्दिग्ध बन्दुकधारी रहमानुल्ला लकानवाल समेत गम्भीर घाइते अवस्थामा छन् । अमेरिकी वकिल जेनिन पिरोका अनुसार लकानवालले ह्वाइट हाउसबाट केही ब्लक टाढा गस्ती गरिरएका गार्डम्यानहरूलाई पोइन्ट ३५७ रिभल्भरले लक्षित रूपमा गोली हानेका थिए । उनी जीवित रहे सैनिकहरूको मृत्यु पुष्टि भएमा आरोप 'पहिलो दर्जाको हत्या' मा उकासिनेछ ।

सिआइएका निर्देशक जोन र्‍याटक्लिफले सन्दिग्ध व्यक्ति अफगानिस्तानमा तालिबानविरुद्ध लड्ने सिआइए समर्थित 'साझेदार बल' का सदस्य रहेको र अफगान सहयोगीहरूको उद्धार कार्यक्रमअन्तर्गत अमेरिकाभित्र ल्याइएको पुष्टि गर्नुभयो । र्‍याटक्लिफ, एफबिआई, होमल्यान्ड सेक्युरिटी तथा ट्रम्प नियुक्त अन्य अधिकारीहरूले बाइडेन प्रशासनको 'सुस्त र कमजोर' शरण नीतिले लकानवाललाई देशमा सजिलै प्रवेश गर्न दिएको आरोप दोहोऱ्याए ।

यद्यपि अफगान पुनःस्थापनामा सहायक सङ्गठन अफगानइभाकले भने 'सबै अफगान आवेदकहरू अत्यन्त कडा सुरक्षा जाँचबाट गुज्रिनुपर्छ' भन्दै सम्पूर्ण समुदायलाई दोषारोपण नगर्न आग्रह गरेको छ । सङ्गठनका अनुसार लकानवाललाई शरण ट्रम्पकै प्रशासनमा सन् २०२५ अप्रिलमा दिइएको थियो र एक वर्षपछि स्थायी निवासका लागि योग्य हुने अवस्थामा थिए ।

घटनापछि रक्षामन्त्री पिट हेग्सेथले वासिङ्टनमा थप ५०० सैनिक तैनाथ गर्दै कुल सङ्ख्या दुई हजार ५०० पुऱ्याइएको घोषणा गर्नुभयो । राष्ट्रपति ट्रम्पले वासिङ्टनमा मात्र नभई लस एन्जलस र मेम्फिसलगायत डेमोक्रेट नेतृत्वका अन्य सहरहरूमा पनि सेना तैनाथ गरिदिनुभएको छ र यस कदमले सङ्घीय सत्ता दुरुपयोग तथा अधिनायकवादी हस्तक्षेपका आरोपहरू तीव्र रूपमा बढाएका छन् ।

# जोन सिम्प्सन अर्धशतक बनाउने १२औँ खेलाडी

काठमाण्डु । राजधानीमा जारी दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)मा काठमाडौँ गोर्खाजका जोन सिम्प्सनले अर्धशतक प्रहार गरेका छन् । त्रिवि अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला कीर्तिपुरमा भएको चितवन राइनोजविरुद्धको



खेलमा उनले २५ बलमा ५० रन पूरा गरेका हुन् ।

सिम्प्सन काठमाडौँका लागि एनपिएलको दोस्रो सिजनमा अर्धशतक प्रहार गर्ने पहिलो खेलाडी हुन् । योसँगै जारी सिजनमा १५ अर्धशतक प्रहार भएका छन् । जसमा १२ खेलाडी सामेल छन् । सिम्प्सन अर्धशतक हिर्काउने १२औँ खेलाडी बने ।

यसअघि यसअघि चितवन राइनोजका रवि बोपराले तीन, पोखरा एभेनजर्सका कुशल भुर्तेलले दुई अर्धशतक हिर्काएका छन् ।

यस्तै सुदूरपश्चिम रोयल्सका विनोद भण्डारी, जोश ब्राउन, हरमित सिंह, विराटनगर किंग्सका लोकेश बम, मार्टिन गुप्टिल, कर्णाली याक्सका प्रियान्क पन्चाल, पोखराका सुमित बर्माले, जनकपुर बोल्ट्सका वायन पार्नेल र आशिफ शेखले एक/एक अर्धशतक हिर्काएका छन् । कर्णालीका मार्क वाट मात्रै जारी प्रतियोगितामा शतक हिर्काउने एक मात्र खेलाडी हुन् ।रासस

# 'मिसन २०२६' अन्तर्गत खेलाडीलाई प्रशिक्षण सामग्री हस्तान्तरण




काठमाण्डु । राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले जापानमा आयोजना हुन लागेको २० औँ एसियाली खेलकुदका लागि खेलाडीहरूलाई प्रशिक्षण सामग्री (किट) हस्तान्तरण गरेको छ ।

स्वर्णसहित दोहोरो अङ्कको पदक लक्ष्य राखेर अघि बढाइएको 'मिसन २०२६' कार्यक्रमअन्तर्गत शुक्रबार यहाँ कभर्ड हलमा आयोजित कार्यक्रममा राखेपका सदस्य-सचिव टङ्कलाल घिसिङले खेलाडीहरूलाई किट हस्तान्तरण गर्नुभयो ।

सदस्य-सचिव घिसिङले खेलाडीहरूलाई आवश्यक प्रशिक्षण सामग्री प्रदान गर्दै आगामी एसियाली खेलकुदको तयारीलाई थप प्रभावकारी बनाइने बताउनुभयो । उहाँका अनुसार खेलकुद संरचना, प्रविधि र वैज्ञानिक प्रशिक्षण प्रणालीलाई सुदृढ गर्दै नेपालले २०२६ को खेल मञ्चमा उत्कृष्ट प्रदर्शन गर्ने लक्ष्य राखिएको बताउनुभयो ।कार्यक्रममा प्रशिक्षक, खेलाडी तथा राखेपका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।रासस

# सिटिजन्स बैंकको १९औं वार्षिक साधारण सभा सम्पन्न




**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको १९औं वार्षिक साधारण सभा शुक्रबार काठमाडौंमा सम्पन्न भएको छ।

बैंक संचालक समितिका अध्यक्ष प्रवलजङ्ग पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा आ.व. २०८१/८२को संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरि पारित गरिएको छ । बैंकको लेखापरीक्षकको प्रतिवेदनसहित २०८२ आषाढ मसान्तको एन।एफ। आर।एस बमोजिम तयार गरिएको वासलात, आ.व. २०८१/८२को नाफा नोक्सानीको हिसाव तथा नगदप्रवाह विवरण लगायतका एकीकृत वित्तीय विवरणहरु सभामा छलफल भई स्वीकृत भएको छ। त्यसै गरी साधारण सभाले गत आर्थिक वर्ष २०८१/८२ को वितरण योग्य मुनाफाबाट २०८२ आषाढ मसान्तको चुक्तापूँजी रु. १४,७६९,०१२,९६६/- को ५ प्रतिशतले हुने रु.७३८,४५०,६४८.३० बोनस शेयर र कर प्रयोजनको लागि नगद लाभांश ०.२६३ प्रतिशतले हुने रु.३८,८६५,८२३.५९ सहित जम्मा रु.७७७,३१६,४७१.८९ लाभांश दिने प्रस्ताव सर्वसम्मतिबाट पारित गरेको छ। बैंकले आर्थिक वर्ष ०६५/६६ बाट लगातार लाभांश वितरण गर्दै आएको छ। बैंकको १९ वर्षको औसत लाभांश १०.४० प्रतिशत रहेको छ।

सभाका अध्यक्षले शेयरधनीहरुबाट प्राप्त सुझाव अनुसार बैंकको काम कारवाही संचालन गर्ने र भविष्यमा बैंकले अझ बढी प्रगति हाँसिलगर्न सक्ने विश्वास सभालाई गराए । साथै संस्थागत सुशासन तथा अनुपालनाको स्तरलाई उच्चतम राख्ने विषयमा बैंकले सदैव महत्वदिँदै आएको र आगामी दिनहरुमा समग्र बैंकको संस्थागत सुशासन तथा अनुपालनाको अवस्थालाई थप सवलतथा सुदृढ बनाउँदै जाने तर्फ बैंक प्रतिबद्ध रहेको कुरा जानकारी गराए। यसका साथै शेयरधनी तथा बैंकसँग सम्बन्धित सम्पूर्ण सरोकार पक्षहरुले पुऱ्याउनु भएको सहयोगको लागि धन्यवाद प्रकट गर्दै यस्तै सहयोग तथा सदाशयतानिरन्तर प्राप्त हुने आशा प्रकट गरे।

"विश्वकै प्रतिष्ठित अवार्ड बैंक अफ द ईयर २०२४ को उपाधि प्राप्त गर्न सफल भएको बैंकले यस अघि नै फोनपे सँगको सहकार्यमा नेपालमै पहिलो पटक "सिटिजन्स फोनपे क्रेडिट कार्ड" भर्चुअल क्रेडिट कार्ड सञ्चालनमा ल्याएको छ ।हालसालै बैंकले नव युवा लक्षित बचत खाताँसिटिजन्स जेन-जी सेभिङ्ग अकाउन्ट"र "सिटिजन्स डिजी बैंक सेवा"नामक एकीकिृत अनलाइन प्लेटफर्म सञ्चालनमा ल्याएको छ । फ्रिलान्सरहरूलाई लक्षित गरी विशेष "फ्रिलान्सर सेविङ्ज अकाउन्ट" नामक नयाँ बचत खातासुरु गरेको छ साथै नेपालमै पहिलो पटक मोबाइल बैंकिङ एपमार्फत नै शेयर आवेदन र सी.आर.एन् नम्बर सेवालिन सकिने सुबिधा लगायत क्रस बैंक टेलर सुविधा जसमा अन्य बैंकका ग्राहकले सिटिजन्स बैंकको शाखाबाट टेलर क्यू आर स्क्यान गरी नगद प्राप्तगर्न सकिने समेत ल्याएको छ। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी ६१ जिल्लामा फैलिएका आफ्ना २०० वटा शाखा, १६९ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ४२ वटा शाखा रहित बैंकिङ्ग ईकाइहरुबाट १९ लाख ५६हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदानगर्दै आएको छ।

## साताको शेयर बजारः

# कारोबार भएको पाँचै दिन बढ्यो नेप्से

काठमाण्डु । धितोपत्र बजारमा यस साता शेयर कारोबार मापक नेप्से परिसूचक लगातार पाँचै दिन बढेर उकालो लागेको छ। आइतबारदेखि बिहीबारसम्मको समग्र बजार सूचक चार दशमलवभन्दा बढीले वृद्धि भई दुई हजार ६७६ दशमलव ०३ विन्दुमा पुगेको हो।

नेपाल स्टक एक्सचेञ्ज(नेप्से)का अनुसार साताभरि कुल छ करोड २९ लाख ९९ हजार ६०४ कित्ता शेयर रु ३२ अर्ब १७ करोड १३ लाख ३६ हजार १८९ बराबरमा कारोबार भएको छ। मङ्गलबारबाहेक सबै दिन कारोबार रकम रु छ अर्बभन्दा बढी रह्यो भने मङ्गलबारको कारोबार रु पाँच अर्बमा सीमित रह्यो।

साताको पहिलो कारोबार दिन आइतबार नेप्से ३९ दशमलव ९२ अङ्कले बढेर दुई हजार ६०० दशमलव २२ विन्दुमा पुगेको थियो। सो दिन एक करोड २३ लाख ७६ हजार ४७१ कित्ता शेयर रु छ अर्ब १९ करोड १८ लाख ८० हजार ९९६ मा किनबेच भएका थिए। सामूहिक लगानी समूहबाहेक अधिकांश उपसूचक बढे। सागर डिस्टिलरी, बन्दीपुर केबलकार र झापा इनर्जीको शेयरमा सकारात्मक सर्किट लाग्दा पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड सात दशमलव ५६ प्रतिशतले घटेर सर्वाधिक गुमाउने समूहमा पऱ्यो।

त्यस्तै सोमबार नेप्से परिसूचक ५० दशमलव ४४ अङ्कले उकालो लागेर दुई हजार ६५० दशमलव ६६ विन्दुमा पुगेको थियो। त्यस दिन एक करोड ३१ लाख ७८ हजार ६७६ कित्ता शेयर रु छ अर्ब ९८ करोड तीन लाख ६६ हजार ७४३ मा कारोबार भयो। नेपाल लाइफ इन्स्योरेन्स रु २४ करोड ८१ लाख ५१ हजार ५४६ को कारोबारसहित शीर्ष स्थानमा रह्यो। झापा इनर्जीमा १० प्रतिशत वृद्धि भई सकारात्मक सर्किट लाग्दा सागर डिस्टिलरी, बन्दीपुर केबलकार, स्वस्तिक लघुवित्त र श्रीनगर एग्रोटेक इन्डस्ट्री लिमिटेडका लगानीकर्ताले नौ प्रतिशतभन्दा बढीले कमाए। मविलुङ इनर्जी लिमिटेड चार दशमलव ४४ प्रतिशतले घट्यो।




मङ्गलबार नेप्से पाँच दशमलव ३२ अङ्कले बढेर दुई हजार ६५५ दशमलव ९९ विन्दुमा पुगेको थियो। त्यस दिन एक करोड १३ लाख ९९ हजार ४१० कित्ता शेयर रु पाँच अर्ब ७७ करोड २३ लाख ६७ हजार २९ मा कारोबार भयो। विकास बैङ्क, जीवन बीमा, सामूहिक लगानी कोष र व्यापार समूहका उपसूचक घटे भने अन्य समूह बढे। होटल तथा पर्यटन समूह सबैभन्दा धेरै एक दशमलव ४१ प्रतिशतले उकालो लाग्यो।

कारोबारको तेस्रो दिन बन्दीपुर केबलकार रु २६ करोड ९९ लाख ९७ हजार ६४९ को कारोबारसहित अग्रस्थानमा रह्यो। झापा इनर्जीमा पुनः १० प्रतिशत वृद्धि भई सकारात्मक सर्किट लाग्दा सागर डिस्टिलरी र श्रीनगर एग्रोटेक इन्डस्ट्रीका लगानीकर्ताले नौ प्रतिशतभन्दा बढीले कमाए। जोशी हाइड्रोपावर डेभलपमेन्ट लिमिटेड चार दशमलव ९६ प्रतिशतले घट्यो।

त्यस्तै बुधबार नेप्से नौ दशमलव ६१ अङ्कले बढेर दुई हजार ६६५ दशमलव ६० विन्दुमा पुगेको थियो, जुन अघिल्लो दिनको तुलनामा शून्य दशमलव ३६ प्रतिशत वृद्धि हो। सो दिन एक करोड २३ लाख ३१ हजार ७९१ कित्ता शेयर ९० हजार ७८२ पटकको कारोबारमार्फत रु छ अर्ब ६३ करोड ३९ लाख ४८ हजार ९३६ मा किनबेच भयो। वित्त, लगानी, जीवन बीमा, सामूहिक लगानी कोष र निर्जीवन बिमा समूहका उपसूचक घटे भने अन्य उपसूचक बढे। होटल तथा पर्यटन समूह शून्य दशमलव ९९ प्रतिशतले वृद्धि भएको थियो।

बुधबार एनआरएन इन्फ्रास्ट्रक्चर रु ६२ करोड ४३ लाख ४३ हजार २१५ बराबरको कारोबारसहित शीर्ष स्थानमा रह्यो भने झापा इनर्जीमा १० प्रतिशत वृद्धि भई पुनः सकारात्मक सर्किट लाग्यो। त्यस्तै सागर डिस्टिलरी, स्वस्तिक लघुवित्त, श्रीनगर एग्रोटेक, रिभरफल्स पावर र माहुली लघुवित्तका लगानीकर्ताले नौ प्रतिशतभन्दा बढीले कमाए भने बोटलर्स नेपाल (बालाजु) तीन दशमलव ९४ प्रतिशतले घट्यो।

साताको अन्तिम दिन बिहीबार पनि नेप्से बढेर साताभरिको कारोबार सकारात्मक रह्यो । नेप्से १० दशमलव ४३ अङ्कले बढेर दुई हजार ६७८ दशमलव शून्य तीन विन्दुमा पुगेको थियो। बिहीबार कुल एक करोड ३७ लाख १३ हजार २५६ कित्ता शेयर रु छ अर्ब ५९ करोड २७ लाख ७२ हजार ४८३ मा कारोबार भयो।

सागर डिस्टिलरीको शेयर १० प्रतिशतले बढेर सकारात्मक सर्किट लाग्दा स्वस्तिक लघुवित्त, श्रीनगर एग्रोटेक इन्डस्ट्री, झापा इनर्जी र एनआरएन इन्फ्रास्ट्रक्चरका लगानीकर्ताले नौ प्रतिशतभन्दा बढीको लाभ कमाए । हिमस्टार ऊर्जा कम्पनी सर्वाधिक घट्ने कम्पनी बन्यो । बैङ्किङ समूहको उपसूचक एक दशमलव ४९ प्रतिशतले बढेर सबैभन्दा बढी उकालो लाग्यो।

बजार निरन्तर उकालो लागिरहेको अवस्थामा निकट भविष्यमा आउने मौद्रिक नीतिको समीक्षाले नेप्सेको गतिमा प्रभाव पार्ने देखिन्छ। हाल ब्याजदर न्यून र तरलता पर्याप्त भए पनि कर्जा विस्तार अपेक्षित रूपमा बढ्न सकेको छैन। यस्तो अवस्थामा लगानीकर्ताको मनोभाव मिश्रित देखिन्छ। यस्तोमा लगानीकर्ताको मनोबल बढाउन नियामक स्पष्टता, कर्जा विस्तारमा प्रोत्साहन, पुँजीबजारमैत्री प्रावधान आवश्यक रहेको विश्लेषकहरूको भनाइ छ । साथै आगामी निर्वाचनको वातावरण स्थिर र सकारात्मक बन्दै जाँदा आर्थिक गतिविधि बढ्ने र यससम्बन्धी नीति सकारात्मक भए यसले बजारमा मनोवैज्ञानिक ऊर्जा थप्ने जानकारहरू बताउछन् ।रासस

# एउटै गोठमा ५७ वैदिक गाई संरक्षण

गलकोट । बागलुङको मालिकामा एकै स्थानमा ५७ वटा गाई पालिएको छ। हिन्दू धर्ममा भगवान्को स्वरूप मानेर पूजा गरिँदै आएका स्थानीय प्रजातिका वैदिक गाईको संरक्षणका लागि संरक्षण केन्द्र नै सञ्चालन गरेर पालिएको हो।

विसं २०७२ मा जिल्ला प्रशासन कार्यालयमा गण्डकी गोपाल गौवंश संरक्षण केन्द्र दर्ता गरेर बागलुङ नगरपालिका-५ मालिकामा वैदिक गाई पाल्न सुरु गरिएको थियो ।अनन्तश्री विभूषित मुक्तिनाथ पीठाधिश्वर स्वामी कमलनयनाचार्य मुक्तिनाथ बाबाको परिकल्पनामा निर्मित गौवंश संरक्षण केन्द्र स्थापना गरिएको थियो । विसं २०७२ मा पर्वतको जलजला गाउँपालिका-७ स्थित धाइरिङको गण्डकी गोपाल गौशालाबाट एउटा गाई हेलिकप्टरमा ल्याएर सुरुआत गरिएको गौवंश संरक्षण केन्द्रमा यतिबेला एउटा साँढेसहित ५७ वटा गाई छन्।

स्थानीयको निःशुल्क प्राप्त ८२ रोपनी जमिनमा करिब आठ लाखका संरचना निर्माण गरिएको छ। स्थानीय प्रजातिका वैदिक गाई संरक्षणमात्र होइन, गाईको गहुँत प्रशोधन गरेर आयुर्वेद औषधि बनाउने तयारीसमेत गरिएको संरक्षण केन्द्रका अध्यक्ष गोविन्दप्रसाद आचार्यले बताउनुभयो ।"संरक्षण केन्द्रका गाई बिहान एकपटक मात्र दुहिन्छ, त्यो पनि बाच्छाबाच्छी अघाएपछि, यहाँका बाच्छाबाच्छी दाम्लोमा बाँधिन्न, चौबीसै घण्टा खुला छोड्छौँ", अध्यक्ष आचार्यले भन्नुभयो, "संरक्षण केन्द्रका परिकल्पनाकार मुक्तिनाथ बाबाको इच्छाअनुसार बाच्छाबाच्छी अघाएपछिमात्र बिहान एक छाक दूध दुहुने हो, साँझमा दुहुने चलन छैन।"



थोरैथैरै भएको दूध घ्यू पूजापाठमै प्रयोग हुन्छ। पछिल्लो समय गाउँघरमा जर्सी गाई पाल्नेहरू बढ्दैछन्। स्थानीय प्रजातिका गाई देख्नै मुस्किल छ। संरक्षण केन्द्रमा स्थानीय प्रजातिका गाई सङ्ख्या बढ्दै जाँदा धार्मिक पर्यटकको सङ्ख्या पनि बढ्दै छ। बागलुङको पञ्चकोट घुम्न जाने अधिकांश पर्यटक गौवंश संरक्षण केन्द्रमा समेत पुग्न थालेको पञ्चकोट विकास परिषद् बागलुङका अध्यक्ष जगन्नाथ आचार्यले बताउनुभयो।

संरक्षण केन्द्रका अध्यक्ष आचार्यले भन्नुभयो, "तिहारको गाईपूजामा गाई पुज्नेहरूको भीड नै लाग्यो, डेढ लाख त भेटीमात्र उठ्यो। एकैठाउँमा स्थानीय प्रजातिका धेरै गाई भएपछि तिहारमा मात्र होइन अन्य समयमा पनि पाठपूजा, वैतरणी गर्न आउनेहरूको सङ्ख्या बढ्न थालेको छ। रासस

# पकेट क्षेत्र निर्धारण गरेर किवीखेतीमा लगानी

भोजपुर । पकेट क्षेत्र घोषणा गरी गाउँपालिकाले लगानी बढाएपछि भोजपुरको पौवादुङमाका किसान व्यावसायिक किवीखेतीतर्फ आकर्षित भएका छन्। श्यामशिलाका १७ किसान अहिले सङ्गठित रूपमा किबी उत्पादनमा जुट्दै दिगो आयस्रोतको नयाँ सम्भावना निर्माण गरिरहेका छन् । यहाँका किसानले किबी बेचबिखन गरेर आम्दानीसमेत लिन थालेका छन् । भोजपुर-लेगुवा मुख्य सडकखण्ड आसपासमा पर्ने भएकाले यहाँका किसानले उत्पादन गरेको किबीको बेचविखनमा पनि सहजता छ। गाउँपालिकाले पकेट क्षेत्र निर्धारण गरेर किवीखेतीमा लगानी बढाएपछि यहाँका अधिकांशले व्यावसायिक किबीखेती गरिरहेको वडाध्यक्ष राजेन्द्र तामाङले जानकारी दिनुभयो । यहाँ गाईपालनको कार्यक्रम सञ्चालन भइरहेकाले उत्पादित गोबरको मलको सदुपयोग गर्दै किसान किबीखेतीमा जुटेको उहाँको भनाइ छ।



"हाम्रो क्षेत्र किबीखेतीका लागि उपयुक्त भूगोल रहेको स्थान हो", वडाध्यक्ष तामाङले भन्नुभयो, "यहाँ गाउँपालिकाको अनुदान सहयोगमा पशुपालनको कार्यक्रम पनि सञ्चालन गरेका छौँ । त्यही मलको सदुपयोग गर्दै किसानहरूले किबीखेती गर्दै आएका छन्।"

एकपटक विस्तार गरेपछि लामो समयसम्म आम्दानी लिन सकिने भएसँगै यो क्षेत्रका किसान व्यावसायिक किबीखेतीमा जुटेका हुन् । गाउँपालिकाले किसानको दिगो आयस्रोतका रूपमा विकास गर्न किबीलगायत बहुवर्षीय बाली विस्तारमा जोड दिएको गाउँपालिका उपाध्यक्ष ज्योत्सना राईले बताउनुभयो । प्रशस्त घाँस पाइने क्षेत्र भएकाले यहाँ उन्नत जातका गाईसमेत वितरण गरिएको उहाँले जानकारी दिनुभयो।

"हामीले यहाँ पशुपालन र फलफूलखेतीमा जोड दिएका छौँ", उपाध्यक्ष राईले भन्नुभयो, "पशुपालनबाट उत्पादन भएको मलको सदुपयोग गर्ने लक्ष्यले किबीखेतीमा पनि सहयोग गरेका छौँ। नागरिकलाई आर्थिकसँगै पोषणमा जोड्ने हाम्रो सोच हो।"

गाउँपालिकाले भूगोल सुहाउँदो फलफूल तथा तरकारीखेतीमा जोड दिएको पौवादुङमा गाउँपालिका अध्यक्ष किरण राईले बताउनुभयो। कृषिबाट आत्मनिर्भर बनाउने लक्ष्यका साथ किसानलाई व्यावसायिक खेती प्रणालीमा लाग्न सहयोगका कार्यक्रम सञ्चालन भइरहेको अध्यक्ष राईको भनाइ छ।

"किसानको मुख्य आम्दानीको श्रोत नै कृषि हो", अध्यक्ष राईले भन्नुभयो, "श्यामशिलामा किबीको राम्रो सम्भावना रहेकाले पकेट क्षेत्र निर्धारण गरेका छौँ। रासस

# बेतबाँसका सामग्री बेचेर मासिक ७० हजार आम्दानी



कैलाली । धनगढी उपमहानगरपालिका-४ उत्तरबेहडीका बाधुराम चौधरीले व्यावसायिक रूपमा बेतबाँसका सामग्री बेचेर मासिक रु ७० हजार आम्दानी गर्दै आउनुभएको छ । लामो समयदेखि उहाँले आफ्नो हस्तकला सीप प्रयोग गरी बेतका विभिन्न सामग्री निर्माण गरी बिक्री गर्दै आउनुभएको हो।

चौधरीले आफ्नो उद्योगबाट घरायसी प्रयोगमा आउने थरिथरिका सामग्री बनाएर बिक्री गर्दै आउनुभएको हो । उद्योग सञ्चालनमा उहाँलाई परिवारका सबै सदस्यले साथ दिनुभएको छ । बेतबाँसका विभिन्न सामग्री बिक्री गरेर बालबच्चाको लालनपालन, शिक्षादिक्षा र घरपरिवारको सम्पूर्ण खर्च धान्दै आएको चौधरीले बताउनुभयो । "श्रीमान् श्रीमती र छोराछोरी गरी घरमा पाँच जनाको जहान छ। छोराछोरीलाई बिहान स्कुल पढ्न पठाएर बुढाबुढी यही काममा खटिन्छौँ । परिवारको सम्पूर्ण खर्चको मुख्यस्रोत यही उद्योग हो, अन्य कुनै पनि घरखर्च चलाउने बाटो छैन" उहाँले भन्नुभयो, "सोही व्यवसायले परिवारको पूरै खर्च धान्दै आएको र केही बचत पनि हुने गरेको छ।"

सुरुमा व्यवसाय सुरु गर्दा आर्थिकस्थित एकदमै कमजोर थियो । घरखर्च र जीविकोपार्जनमा समस्या हुँदै आएकामा अहिले सोही व्यवसायबाट परिवारको सम्पूर्ण खर्चसँगै केही बचतसमेत हुन थालेको चौधरीले बताउनुभयो। सुरुका दिनमा बेतबाट निर्मित सामग्रीले बजार पाउन कठिन भए पनि अहिले यसको माग बढ्दै गएको छ। रासस


## वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**गणेशमान चारनाथ नगरपालिका वार्ड नं.-३, भरतपुर, धनुषामा निर्माण तथा संचालन हुने सुप्रिम टिम्बर प्रोडक्टसको लागी वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

मधेश प्रदेश धनुषा जिल्ला सुप्रिम टिम्बर प्रोडक्टस, गणेशमान चारनाथ न.पा.-३. भरतपुर, धनुषा द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएकोछ।

| | |
|---|---|
| प्रस्तावकको नाम | नामः सुप्रिम टिम्बर प्रोडक्टस<br>ठेगानाः गणेशमान चारनाथ नगरपालिका वार्ड नं.-३. भरतपुर, धनुषा<br>मो.नं:- ९७४२८३०११५ |
| प्रस्तावकको व्यहोरा | सुप्रिम टिम्बर प्रोडक्टस गणेशमान चारनाथ नगरपालिका वार्ड नं.-३. भरतपुर, धनुषाको किता नं. १४८ को कुल क्षेत्रफल ३-५-१९ (बि. क.-धु) मध्ये दक्षिण तर्फको १-०-० (वि. क. धु) जग्गामा निर्माण गरि संचालन हुने प्रस्तावको लागी वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारी सम्बन्धी कार्य |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा | गणेशमान चारनाथ नगरपालिका र कर्जन्हा नगरपालिका |

माथी उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन प्रतिवेदन तयारी सम्बन्धी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सूझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सूझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सूझावको लागी पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः सुप्रिम टिम्बर प्रोडक्टस<br>ठेगानाः चारनाथ नगरपालिका वार्ड नं.-३, भरतपुर, धनुषा |
| परामर्शदाताको नाम र ठेगाना | नामः सूनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि. ठेगानाः विरगंज-१६, पर्सा, नेपाल<br>फोनः ९८५१००६६४३<br>ईमेलः shambhuprasadchaurasia@gmail.com |
| सरोकारावाला कार्यालय | श्री घरेलु तथा साना उद्योग कार्यालय, जनकपुरधाम, धनुषा मो. नं. ९८६४४७८६०० |



## वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**फतुवाविजयपुर नगरपालिका वडा नं. ११. हिमालिवास, रौतहटमा निर्माण तथा संचालन हुने यम. आर. फर्टिलाइजर्स प्रा.लि.को लागी वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

मधेश प्रदेश रौतहट जिल्ला यम. आर. फर्टिलाइजर्स प्रा.लि.. फतुवाविजयपुर नगरपालिका वडा नं. ११. हिमालिबास, रौतहट द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएकोछ।

| | |
|---|---|
| प्रस्तावकको नाम | नामः यम. आर. फर्टिलाइजर्स प्रा.लि.<br>ठेगानाः फतुवाबिजयपुर नगरपालिका.-११, हिमालिबास, रौतहट<br>मो.नं:- ९८५५०६९५९८<br>इमेल :- fatuwabijaypur@gmail.com |
| प्रस्तावकको व्यहोरा | यम.आर.फर्टिलाइजर्स प्रा.लि. फतुवाविजयपुर नगरपालिका.-११. हिमालिबास, रौतहटको किता नं. २९७ र २९८ को कुल क्षेत्रफल १-१८-१५ (वि.-क.-धु) जग्गामा निर्माण गरि संचालन हुने प्रस्तावको लागी वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारी सम्बन्धी कार्य |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा | फतुवाविजयपुर नगरपालिका, रौतहट र कोल्हवी नगरपालिका, बारा |

माथी उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन प्रतिवेदन तयारी सम्बन्धी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सूझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सूझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः यम. आर. फर्टिलाइजर्स प्रा.लि.<br>ठेगानाः फतुवाबिजयपुर नगरपालिका.-११. हिमालिबास, रौतहट<br>मो.नं:- ९८५५०६९५९८<br>इमेल :- fatuwabijaypur@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | सूनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि. ठेगानाः बिरगंज- १६, पर्सा, नेपाल<br>फोनः ९८५१००६६४३<br>ईमेलः shambhuprasadchaurasia@gmail.com |
| सरोकारावाला कार्यालय | श्री घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौर मो.नं. ९८५५०४२६२४ |

# मुख्यमन्त्री विवादको मुद्दा फेरि हेर्दाहेर्दैमा



टुडे समाचारदाता

जनकपुरधाम । मुख्यमन्त्री सरोज कुमार यादवको नियुक्त बारे विवादको मुद्दा शुक्रवार पनि सर्वोच्च अदालतले फेरि हेर्दाहेर्दैमा राखेको छ।

न्यायाधीश हरिप्रसाद फुयाल र नित्यानन्द पाण्डेयको इजलासमा बिहीबारदेखि निरन्तर सुनुवाइ भइरहेको छ । सुनुवाइ नसकिएपछि १५ गतेका लागि अर्को पेशी तोकि हेर्दाहेर्दैमा राखिएको सह रजिस्ट्रार तथा प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिएका छन् । यसअघि बिहीबार पनि सुनुवाई नसकिएको भन्दै मुद्दालाई हेर्दाहेर्दैमा राखिएको थियो।

मधेश प्रदेशको कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवसहित ७४ सांसद सहित मधेस प्रदेश सरकार गठनका विषयमा तीन वटा छुट्टाछुट्टै रिट पेस भएका थिए। ती तीनै वटा रिटमाथि एक साथ सुनुवाइ भइरहेको छ।

संविधानको धारा १६८ (२) अनुसार सरकार गठनको सम्भावना हुँदाहुँदै धारा १६२ (३) अनुसार गठन प्रक्रिया अघि बढेको थियो । त्यसअनुसार तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नेकपा एमालेका यादवलाई मुख्यन्त्रीलाई नियुक्ति दिएकी थिइन् ।

त्यस्तै उनले कात्तिक २४ गते भिसमिसेमै महोत्तरीको बर्दिबासमा रहेको पानस होटलमा मुख्यमन्त्री यादवलाई शपथ ग्रहण समेत गराएकी थिइन्। त्यसपछि संघीय सरकारको सिफारिसमा राष्ट्रपतिले प्रदेश प्रमुख भण्डारीलाई पनि पदमुक्त गरेका थिए।

यसरी नियुक्ति दिएपछि मधेस प्रदेशका सांसदहरू नै आन्दोलनमा उत्रिएका थिए । सर्वोच्च अदालतमा पुगेपछि मुद्दाको प्रारम्भिक सुनुवाइ गर्दै यसको अन्तिम किनारा नलागेसम्म नीतिगत र दीर्घकालीन निर्णय नगर्न अन्तरिम आदेश दिएको थियो ।

# सीता चरितामृत : जनकपुरधाम चिनाउने अमर ग्रन्थ

ब्लग :



श्यामसुन्दर शशि

हामीले आजसम्म राम, सीता, उनीहरुको जन्म र कर्मस्थल यथाः जनकपुरधाम, अयोध्या, चित्रकूट, श्रीलंका आदि बारे जे जति जानकारी पाएका छौं । त्यसको मुख्य श्रोत तुलसी दास रचित राम चरित मानस हो। यसका अतिरिक्त अध्येताहरु बाल्मीकीय रामायण, महाभारत, पुराण, ब्राह्मण ग्रन्थहरुको अध्ययन तथा विभिन्न श्रव्य र दृश्य काव्यहरुबाट पनि राम सीताको चरित्रबारे सुने देखेका हौँ। तर मिथिलाकी छोरी सीतालाई एक जनकपुरवासीको रुपमा वर्णन गर्ने मध्यकालीन एक कविको बारेमा हामी अनभिज्ञ जस्तै छौँ। उहाँ थिए- महाकवि रामस्नेही दास। सन् १९५० ताका उनी जानकी मन्दिरका पुजारी थिए । उनले एउटा अनमोल ग्रन्थ लेखेका थिए- जानकी चरितामृत। प्रा.डा. हरिवंश झा गत वर्ष यस पुस्तकको हिन्दी टीका प्रकाशित गर्नु भएको छ । डाक्टर झाद्वारा लिखित 'श्री सीता बाल लीला' । पुस्तकमा मिथिला र मिथिलावासीको मन मुटुमा दरिलो प्रभाव बनाएकी सीताधियालाई नयाँ रुपमा प्रस्तुत गरिएको छ। विषय वस्तु पुरानै ग्रन्थहरुमाथि आधारित भए पनि उहाँको चमत्कारी भाषा र मौलिक विश्लेषणको प्रशंसा गर्नै पर्दछ।२७ अध्यायमा विभाजित सीता बाललीलामा सीता जीको बाल स्वरुपको वर्णन, सीताको १०८ नाम तथा सीताको अन्य १२ नामको सूचि पनि दिइएको छ।

यस ग्रन्थले सीताको जन्म, बाल्यकाल, शिक्षा-दीक्षा आदि विषयमा नयाँ भाष्य खडा गरेको छ। आजसम्म हामीले पढ्दै, हेर्दै र सुन्दै आएका थियौँ- मिथिलावासीलाई अनिकालको पिडाबाट जोगाउन राजा जनकले हलेष्ठी यज्ञ गरेका थिए । यस क्रममा हलो जोत्ने वेला भूमिबाट सीताको जन्म भएको थियो । सीताको अर्कोनाम भूमिजा यसै कारणले पर्न गयो जानकी चरिचामृत भन्छ- वैशाख शुक्ल पक्ष नवमीको दिन १२ वर्षिया सीता यज्ञ वेदीबाट प्रकट भएकी थिइन् ।

जानकी चरितामृत भन्छ- सीता रामभन्दा अधिक व्यावहारिक, तार्किक र शालीन छिन्। अधर्मलाई समेत मोक्ष दिएकी छन्। भन्छिन्-' हे प्रभु ! के आमा बुबा कहिल्यै आफ्ना बाल बालिकाको गलतीमाथि ध्यान दिन्छन ? मेरो चाहना छ कि हजुर जीवको कुकृत्यमाथि ध्यान नदिइ उनीहरुमाथि सधैँ करुणा गरी राख्नु होस् ।'

पत्रकारितामा एउटा पारिभाषिक शब्द छ- 'डेड लाइन ।' अर्थात पत्रकारले समाचार लेखेको ठाउँ । जनकपुरधामबाट समाचार लेख्ने सम्वाददाताले जनकपुरधामलाई तथा विराटनगरबाट लेखिने समाचारको डेटलाइन विराटनगर हुन्छ । सम्वाददाताहरु आ-आफ्ना डेटलाइनप्रति जिम्मेवार हुन्छन् । जानकी चरितामृतका लेखकको डेटलाइन जनकपुरधाम भएको कारण सीताको चरित्रले प्राथमिकता पाएको छ । उता तुलसी दासको डेटलाइन अयोध्या भएकोले रामको चरित्रले प्राथमिकता पाएको होला भने मेरो निजी धारणा छ।

मिथिला नरेश जनक र अयोध्या नरेश दशरथबीच शुरुदेखि नै सुमधुर सम्बन्ध रहेको तथ्य पनि यस पुस्तकबाट उद्घाटित हुन्छ। राम, लक्ष्मण, भरत, शत्रुघ्नको पाँचौ जन्मोत्सवमा दशरथले आनन्दोत्सव मनाएका थिए। जसमा अन्य राजा महाराजासंगै जनकलाई पनि निम्तो दिइएको थियो। रामको रुप, रंग तथा चमत्कारिक व्यक्तित्व एवं दशरथको वात्सल्य भाव देखेर जनक रामलाई ससुराको रुपमा स्नेह गर्ने इच्छा जागृत भएको थियो- 'यस पृथ्वीमाथि जे जति सुख छन्, त्यसमा वात्सल्य सुख सर्वोपरी हो । यो वात्सल्य सुख पिता, आचार्य र ससुरा र सासुलाई मात्र प्राप्त हुन्छ।' तर जनक निः सन्तान थिए। रामलाई ज्वाइँ बनाउन छोरी चाहिन्थ्यो। पुत्री पाउनका लागि उनले जटाधारी शिवको आठ वर्षसम्म तपस्या गरे। आशुतोष शंकरले उनलाई पुत्रिष्ठी यज्ञ गर्ने सल्लाह दिएका थिए । अन्ततः जनकलाई सीताको रुपमा पुत्री प्राप्त भएको थियो। यसै पुस्तकको शिशु सीता-राम मिलन अध्यायमा पुत्रीष्ठी जज्ञमा सहभागी हुन आएका दशरथ आफ्ना तीनै रानी तथा चार वटै छोरा राम, लक्ष्मण, भरत, शत्रुघ्नसंग मिथिलामै बसेको तथा सुनैनाले चारवटै राजकुमारमा मिथिला दरवारमा बोलाएर स्नेह गरेको उल्लेख छ। त्यतिबेला चारै भाईको उमेर आठ वर्ष भएको उल्लेख छ। चारै भाई आठ वर्षका भएका कारण रानी सुनैनाले उनीहरुलाई आफू सीतासंग सुत्ने कोठामै सुताएकी थिइन्। चारै भाईलाई बिहार कुण्डमा नौका बिहार गराएकी थिइन् । अनि लिफ्ट जडान भएको 'उँचे हाटक' नामक ६० खण्ड अग्लो भवनको छतमा लगेर पवित्र कमला नदी, जनकपुरधामको पूर्व-दक्षिणमा अवस्थित कल्याणेश्वरनाथ महादेव, दक्षिण-पश्चिममा अवस्थित- जलेश्वरनाथ महादेव, पश्चिम-उत्तरमा अवस्थित सोमेश्वरनाथ महादेव तथा उत्तर-पूर्व दिशामा अवस्थित मिथिलेश्वरनाथ महादेवको दर्शन गराएकी थिइन् । यसका अतिरिक्त गंगासागर, अग्नि कुण्ड, रत्न सागरलगायतका सागरहरुको दर्शन गराएकी थिइन । च्युरा, दही, गुंड, अचार र चटनी खुवाएकी थिइन्।

जानकी चरितामृतको प्रकाशन सन् १९५७मा अयोध्याबाट भएको थियो । पुस्तकमा कमला नदी, रत्न सागर, गंगासागर, बिहार कुण्ड, बिगही नदी आदि मध्यकालीन वा आधुनिक संरचनाहरुको चर्चा आएको छ। जानकी चरितामृतमा सीतालाई वीराङ्णा, कोमल हृदया, पापमोचनीको रुपमा वर्णन गरिएको छ । रामको सीताप्रतिको समर्पण तथा प्रेम अनुकरणीय छ। रामलाई प्राप्त गर्न सीतालाई प्रशन्न गर्नु पर्ने रामको प्रष्ट कथन छ। सीता चरित्रबारे जान्न खोजेका भगवान शिवलाई रामले भनेका छन्- 'मलाई प्राप्त गर्नका लागि किशोरीजीको अतिरिक्त अर्को माध्यम छैन। किशोरी जी मेरो प्राणभन्दा पनि अधिक प्रय हुन् । रामले भगवान सीतालाई प्रशन्न पार्नका लागि शिवलाई ६ अक्षरको मन्त्र पनि दिएका छन् -श्री सीतायै स्वाहाः । जनक पुत्रिष्ठी यज्ञको हवन पनि यसै मन्त्रले गरेको उल्लेख पुस्तकमा छ।

समग्रमा भनु पर्दा श्री सीता बाल लीला सियाधियालाई आफ्नो छोरी, दिदी, बहिनी, फुवा तथा रामलाई ज्वाईको रुपमा वात्सल्य भाव न्यौछावर गर्ने मिथिलावासीहरुको लागी एउटा अनमोल ग्रन्थ हो। सीता तत्वमा रमाउँन चाहने मिथिलावासीका लागि यो पुस्तक सिरानीमा राखेर सुत्ने भावुक ग्रन्थ हो । प्रा.डा. झालाई बधाई तथा शुभकामना।



# प्रधानमन्त्रीले माफी माग्नुपर्छ

टुडे समाचारदाता

जनकपुरधाम । मुस्लिम समुदायबारे प्रधानमन्त्री सुशीला कार्कीले केही दिनअघि 'मुस्लिम महिलालाई जिउँदै गाडिन्छ' भन्ने दिएको अभिव्यक्ति बारे मुफ्ती मो. उस्मान बरकाती काजिए नेपालले आपति जनाएका छन्।

शुक्रवार उनले एक पत्रकार सम्मेलन आयोजना गरी माफी माग्नुपर्ने उस्मानले भने।

प्रधानमन्त्री जस्ता व्यक्तिले तथ्यहीन, अपमानजनक र सामाजिक सद्भाव विपरीत होच्याउने खालको अभिव्यक्ति दिनु गलत रहेकाले तत्काल सार्वजनिक माफी माग्नुपर्छ नभए मुस्लिम समुदाय संघर्षमा जाने चेतावनी समेत उनले दिए।

संचारकर्मीहरुको जिज्ञासामा



प्रधानमन्त्री जस्ता गरिमामय पदमा बसेका व्यक्तिले धर्म अनुसार कुनै समुदायलाई अव्हेलित गर्नु गलत रहेकाले आफ्नो अभिव्यक्ति सच्याएर माफी माग्नुपर्ने बताए।

प्रधानमन्त्री कार्कीले इस्लामिक कानून विपरित दिएको उक्त अभिव्यक्तिले इस्लाम धर्मलाई अव्हेलित भएकाले समग्र मुस्लिम समुदायको चित दुखेको उल्लेख गर्दै उनलाई उस्मानले भने प्रधानमन्त्री कार्कीले दिएको अभिव्यक्ति मुस्लिम महिलालाई जलाउने र गाड्ने लगायतका इस्लामिक कानून आउनु अघिको थियो। तर इस्लामिक कानून आएपछि त्यो अवस्था परिवर्तन भइसकेको छ। जहाँसम्म शिक्षाको कुरा अहिले सबै देशले स्वतन्त्रता दिइसकेको छ। यसमा तथ्यहिन अभिव्यक्ति दिनु गलत हो।

# एकता सहकार्यका लागि तमलापाको आग्रह



टुडे समाचारदाता

जनकपुरधाम । एकता र सहकार्यका लागि तराई मधेस लोकतान्त्रिक पार्टीका अध्यक्ष वृषेशचन्द्र लालले दलहरूलाई अपिल गरेका छन् । उनले शुक्रवार एक प्रेस विज्ञप्ति जारी गर्दै एकताका लागि अपिल गरेका हुन्।

उनले विज्ञप्तिमा भनेका छन् - 'तराई मधेश लोकतान्त्रिक पार्टी मधेश, थरुहट, आदिवासी जनजातिसहित सङ्घीयतावादी शक्तिहरूबीच एकजुट हुन सार्थक संवादको लागि अपिल गर्दछु।'

उनले मधेश, थरुहट तथा आदिवासी जनजातिको पहिचान, सम्मान र समान नागरिक अधिकारको व्यवहारिक अभ्यासका लागि सङ्घर्षरत शक्तिहरूलाई कमजोर पार्ने षड्यन्त्र भइरहेको समेत उल्लेख गरेका छन्। आन्तरिक तथा बाह्य कारणले भेदभाव र सिमान्तीकरण विरुद्ध सङ्घर्षरत यी शक्तिहरू कमजोर भएको दाबी गर्दै उनले आफ्नो न्यायपूर्ण एजेन्डाप्रति प्रतिबद्ध भएर एकताका लागि अग्रसर हुन अपिल गरेका छन्।

अध्यक्ष लालले आफूहरू एकता र सहकार्यका लागि विचार र एजेन्डा मिल्ने हरेक पार्टीसँग संवाद गर्न तयार रहेको बताएका छन्। उनले सङ्घीय लोकतान्त्रिक मोर्चामा रहेका हरेक दलले एकजुट हुनुपर्ने आफूहरूको धारणा रहेको बताएका छन्।

मोर्चामा रहेका दलहरूले सम्भव भएसम्म पार्टी एकता गर्नुपर्ने नभए एउटै चुनाव चिन्हबाट निर्वाचनमा भाग लिनुपर्नेमा समेत उनले जोड दिएका छन्।

# क्यान्सर उपचारबारे चिकित्सकसंग अन्तरक्रिया सम्पन्न

टुडे समाचारदाता

जनकपुरधाम । काठमाण्डु क्यान्सर सेन्टरले जनकपुरधामका चिकित्सकहरुसंगको अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरिएको छ।

जनकपुरधाम स्थित अंजनी सुईट्समा शुक्रबार काठमाण्डु क्यान्सर सेन्टरले 'एड्भान्सिंग ओन्कोलोजी केयर इन नेपाल' शीर्षकमा यहाँका चिकित्सकहरुसंग अन्तरक्रिया तथा छलफल आयोजना गरेका छन्।



यहाँ क्यान्सर सम्बन्धी सम्पूर्ण उपचार हुने गरेको भन्दै आफ्नै देशमा उपचार सम्भव भएको हुनाले विदेशमा उपचार गराउन जानु आवश्यकता नरहेको सेन्टरका कार्यकारी अध्यक्ष तथा क्लिनिक अन्क्लोजिस्ट विशेषज्ञ डा. सिमित सापकोटाले बताए।

भक्तपुर, नाला रोड अवस्थित ५० शैय्याको रहेको काठमाण्डु क्यान्सर सेन्टरले आफ्नो अस्पतालको बारेमा जानकारी दिँदै यहाँ व्यवस्थित रुपमा सहजै ढंगले क्यान्सर रोगीको उपचार हुने गरेको उनको भनाइ छ।

क्लिनिक अन्क्लोजिस्ट विशेषज्ञ डा. सिमित सापकोटाका अनुसार नेपालमा क्यान्सर उपचार निदान भइरहेको भन्दै यसको उपचारका बारेमा जनकपुरधामका चिकित्सकहरुलाई जानकारी गराइएको छ । उक्त अन्तरक्रिया कार्यक्रममा नेपालमै अत्याधुनिक प्रविधिमार्फत सुरक्षित रुपमा क्यान्सरको उपचार हुने गरेकोले अबको दिनमा उपचारका लागि बाहिर जानुपर्ने बाध्यताको अन्त्य भएको उनले बताए।

काठमाण्डु क्यान्सर सेन्टरका प्रशसान प्रमुख वर्षा कोइरालाले जनकपुरधाम क्षेत्रका करिब १२५ जना चिकित्सकहरुसंग क्यान्सरको निदानबारे व्यापक छलफल भएको जानकारी दिइन्।

नेपालमा क्यान्सर सम्बन्धी उपचार कसरी भइरहेको छ भन्ने बारेमा जानकारीमूलक अन्तरक्रिया तथा छलफल भएको उनले बताइन् । यसअघि डा. अमित मिश्रको अगुवाइमा जानकी मेडिकल कलेजमा पनि चिकित्सकहरुको एक टोलीले क्यान्सर उपचारसम्बन्धी नव चिकित्सकहरुसंगसमेत छलफल गरिएको उनको भनाइ छ।

क्यान्सर उपचार के हो कसरी भइरहेको छ, अब कसरी गर्नेभन्ने बारेमा क्यान्सरको उपचारबारे गम्भीर रुपमा छलफल भएको छ। सो क्रममा चिकित्सकहरुले आ-आफ्ना तर्फबाट जिज्ञासा समेत राखेका थिए।

उक्त कार्यक्रममा मधेश स्वास्थ्य विज्ञान प्रष्ठिानका भ्वाइस चान्स्लर डा. अंकुर साह, रेक्टर डा. रामनरेश पण्डित, अन्कोक्लोजिस्ट चिकित्सक डा. अवधेश कुमार साह, डा. अमित मिश्र, गाइनोक्लोजिस्ट तथा सर्जन चिकित्सकलगायतहरुको सहभागिता रहेको थियो।

# घरेलु हिंसाका करीब ३ सय मुद्दा दर्ता

टुडे समाचारदाता

जनकपुरधाम । गत तीन वर्षयता सप्तरीमा विवाहसम्बन्धी कसूर (लेनदेन), विवाहसम्बन्धी कसूर र घरेलु हिंसाका गरी करीब ३ सय मुद्दा दर्ता भएको छ।

आर्थिक वर्ष २०७९/०८० देखि ०८१/०८२ सम्ममा विवाहसम्बन्धी कसूर (लेनदेन) का ६, विवाहसम्बन्धी कसूरका एउटा र घरेलु हिंसाका मात्रै २ सय ८७ वटा मुद्दा दर्ता भएका छन्।

विवाहसम्बन्धी कसूर (लेनदेन) का ६ वटा मुद्दामा अनुसन्धानको हद म्यादभित्र २ जना मात्रै पक्राउ परेका छन्। आर्थिक वर्ष ०८१/०८२ मा विवाहसम्बन्धी कसूरका एउटा मुद्दामा पनि अनुसन्धानको हद म्यादभित्र कोही पक्राउ परेको छैन।

'घटना थाहा पाएको ३० दिनभित्र जाहेरी गर्नुपर्ने र ३ महिनाभित्र अनुसन्धान गरेर अदालतमा बुझाउनुपर्ने कानुनी व्यवस्था छ,' जिल्ला प्रहरी प्रवक्ता डीएसपी पुरीले भने, 'मुद्दा बुझाइसकेपछि अन्य आरोपी अदालतमा हाजिर भएको हुन सक्छ।'




आ.व. २०७९/०८० मा प्रहरी कार्यालयमा दर्ता भएका घरेलु हिंसाका १ सय ५ मध्ये ८५ वटा मुद्दा प्रहरीको पहलमा फर्स्योट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी डम्बरबहादुर पुरीले जनाएको छ। ८ वटा मुद्दा अन्य निकायमा पुगेका छन् भने १२ जना सम्पर्कमा नआएको प्रहरीको भनाई छ।

०८०/०८१ मा पनि १ सय ५६ वटा मुद्दा दर्ता भएको थियो। त्यसमा ९२ वटा फर्स्योट हुँदा ३९ मुद्दा अझै चलिरहेका छन् । १५ वटा मुद्दा भने अन्य निकायमा जाँदा १० जना सम्पर्कमा आएका छैनन् । ०८१/०८२ मा भने घरेलु हिंसाका मुद्दा कम आएको प्रहरीको तथ्यांक छ । उक्त वर्ष २६ मुद्दा दर्ता हुँदा ११ वटा फर्स्योट भएका उनले जनाएको छ। प्रहरीबाहेक घरेलु हिंसाका मुद्दा स्थानीय तह, अदालत र राष्ट्रिय महिला आयोगले पनि हेर्ने गर्छन्। प्रहरीमा आएका घरेलु हिंसाका मुद्दामा पीडितको माग अनुसार मिलापत्र गरेर पठाउने गरेको डीएसपी पुरीले बताए।

महादेवा गाउँपालिकाकी उपाध्यक्षसमेत रहेकी न्यायिक समितिकी संयोजक अर्चुनाकुमारी यादवले विवाहपछि नागरिकता नबनाइदिने र खान बस्न नदिइने जस्ता घरेलु हिंसाका घटना समितिमा आउने गरेको बताइन् । 'अहिलेसम्म त्यस्ता ५ वटा मुद्दा आउँदा दुईवटा समाधान गरिरहेका छौं,' उनले भनिन्, 'मिलापत्रमा समस्या देखिएका दुईवटा मुद्दा अदालत पठाइसकेका छौं। एउटा अझै चलिरहेको छ।'

## कृषि उत्पादनमा आत्मनिर्भर बनौं ।

- कृषियोग्य जमिनमा खेती गरौं, बाँझौ नराखौं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषि उत्पादनको उचित मुल्य निर्धारण गरौं,
- आयातित वस्तुलाई प्रतिस्थापन गरौं,
- आधुनिक प्रविधि र सिंचाइ प्रणालीको प्रयोग गरी उत्पादन बढाऔं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
- कृषकलाईसीप, तालिम र सहुलियत ऋण उपलब्ध गराऔं,
- कृषि सहकारी र समूह खेतीमार्फत सामूहिक खेतीमा आवद्ध होऔं,
- युवाहरुलाई कृषिमा आकर्षित गर्न नवीन अवसर र प्रविधि उपलब्ध गराऔं,
- कृषि पेशाप्रति सम्मान र गौरव गरौं ।

कृषि उत्पादन बढाऔं, आत्मनिर्भर बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८